जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



विवाह पञ्चमी महोत्सव
आजको कार्यक्रम
तिलकोत्सव
समय: बेलुका १ बजे
स्थान: जानकी मन्दिरको प्रांगणबाट राम मन्दिरकालागि प्रस्थान




## खाण धरौटीमा रिहा, महतो र कापरलाई सफाई

# प्रदेश सभासद शर्मा समेत ७ जनालाई थमन बिक मुद्दामा जन्मकैद


**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका नेता एवं पूर्व गृहमन्त्री बालकृष्ण खाण बिहीवार थुनामुक्त भएका छन् । उच्च अदालत पाटनले खाणलाई ३० लाख धरौटीमा छोड्न आदेश दिएपछि थुनामुक्त भएका छन् ।

खाण नक्कली भुटानी शरणार्थी प्रकरणमा थुनामा रहेका थिए । काठमाण्डु जिल्ला अदालतले खाणलाई पुर्पक्षका लागि थुनामा राख्न असार १ गते आदेश गरेको थियो । त्यसमा चित्त नबुझेर उनी उच्च अदालतमा निवेदन दिएका थिए ।

उच्च अदालत पाटनका न्यायाधीशद्वय जनक पाण्डे र प्रकाश खरेलको इजलासमा भएको सुनुवाइमा न्यायाधीश पाण्डेले खाणसँग ३० लाख धरौटी माग गरी थुनामुक्त गर्ने राय दिएका थिए । तर अर्का न्यायाधीश प्रकाश खरेलले फरक राय दिइ थुनामै राख्नुपर्ने आदेश गरेका थिए । न्यायाधीश खरेलले तत्काल प्राप्त प्रमाणबाट प्रतिवादी बालकृष्ण खाण अहिले नै निर्दोष रहेछन् भनी भन्न नसकिने भन्दै उनलाई थुनामै राखेर मुद्दाको पुर्पक्ष गर्नुपर्ने राय दिएका थिए ।

दुई न्यायाधीशको राय बाझिएको कारण अदालतले तेस्रो न्यायाधीशको इजलासमा मुद्दालाई पठाएको थियो । उच्च अदालत पाटनका न्यायाधीश कृष्णराम कोइरालाको इजलासले खाणसँग ३० लाख धरौटी लिई छाड्ने आदेश दिएको छ । न्यायाधीश कोइरालाले न्यायाधीश पाण्डेको रायमा सहमत हुने आदेश गरेपछि खाणले धरौटी राखेर थुनामुक्त भएका छन् ।



महेन्द्र यादव र बालकृष्ण खाणडा

मंसिर ५ गतेदेखि निरन्तर भएको सुनुवाइपछि अन्य प्रतिवादीहरुको हकमा केहीलाई थुनामै राख्ने र केहीसँग धरौटी लिइ तथा केहीलाई साधारण तारेखमै छाड्ने आदेश हुँदा बालकृष्ण खाणको हकमा न्यायाधीशको राय बाझिएको थियो ।

निर्दोष रहेका खाणलाई थुनामुक्त गर्ने आदेश दिएर उच्च अदालतले न्याय गरेको उनका सहयोगी नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले जनाएका छन् ।' नेता खाणलाई अन्यायपूर्ण ढंगले मुद्दा लगाइएको थियो' उनले भने, उच्च अदालतबाट न्याय मिलेको छ ।

**टुडे समाचारदाता**

जलेश्वर । मधेश आन्दोलनको क्रममा सशस्त्र प्रहरी असई थमन बिकको हत्या अभियोगमा फरार रहेका नेकपा एमालेका संघीय सांसद लक्ष्मी महतो कोइरीलाई जिल्ला अदालत महोत्तरीले सफाई दिएको छ ।



लक्ष्मी महतो कोइरी अभिराम शर्मा

सांसद कोइरी केही महिनादेखि फरारको सूचीमा रहेका थिए । सांसद महतोसँगै पवन कापडलाई पनि अदालतले सफाई दिएको छ । महतो फरार रहे पनि कापड भने थुनामा रहेका थिए ।

जिल्ला अदालतले सो मुद्दामा मधेश प्रदेशका सभासद एवं पूर्व राज्यमन्त्री अभिराम शर्मालाई जन्मकैदको सजाय सुनाएको छ । उच्च अदालतबाट उनी साधारण तारेखमा रहेका थिए ।

जिल्ला न्यायाधीश उद्धवप्रसाद भट्टराईको इजलासले कोइरी र कापडलाई सफाई दिए पनि शर्मा र जलेश्वर नगरपालिकाका पूर्व मेयर शंकर शाही भन्ने रामाशंकर मिश्र, प्रदीप साह, सञ्जय कुमार साह, मोहन ठाकुर, सुरेन्द्र पाण्डे र धर्मेन्द्र रायलाई जन्मकैदको सजाय सुनाएको छ । सो मुद्दामा प्रदीप साह र सञ्जय कुमार साह थुनामै रहेका छन् ।

सो मुद्दाका अन्य अभियुक्तहरु मध्ये पूर्व सभासद कौशल कुमार यादव सहित फरार सूचीमा रहेका छन् । सफाई पाएका सांसद एमालेबाट महोत्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ बाट निर्वाचित सांसद छन् । उनी फरार भएपछि प्रतिनिधि सभा सचिवालयले निलम्बन गरेको थियो ।

> जन्मकैदको सजाय पाएका प्रदेश सभासद शर्मा भने अब पदमुक्त हुने कानुनविदहरुले जनाएका छन् ।

जन्मकैदको सजाय पाएका प्रदेश सभासद शर्मा भने अब पदमुक्त हुने कानुनविदहरुले जनाएका छन् । उनी दोस्रो कार्यकाल पनि महोत्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर ३ को 'क'बाट निर्वाचित भएका छन् । सजाय पाउनेहरुमा अधिकांश लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)का नेता छन् ।


खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!

कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)

ब्रहमपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)
साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा



डा. हेमन्त कुमार साह
एन.एम.सी.नं. १५०४०
एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)
एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)
कन्सल्टेन्ट न्यूरोसर्जन

☞ यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ ।
☞ यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ ।

१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र कामनु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिडदा हुतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)




टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य ।
सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९



मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी जनकपुरधाम स्थित होटल

ANJANI SUITE




विशेषताहरु
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

सम्पर्क नं. ९८५४०३०५०२, ९८५४०२७५९१


## क्षयरोगबारे जान्नै पर्ने कुरा

### क्षयरोग भनेको के हो ?

क्षयरोग एक सरुवा रोग हो । यसलाई टिबी रोग पनि भनिन्छ । यो सामान्यतया क्षयरोग माइक्रोबैक्टेरियम ट्यूबरकुलोसिस नामक व्याक्टेरियाको संक्रमणका कारण हुने रोग हो । कुनै पनि क्षयरोगीको सम्पर्कमा आउनाले यो रोग सर्ने जोखिम हुन्छ । अस्वस्थ जीवनशैली तथा अस्वस्थकर खानपानका कारण पनि मानिसलाई क्षयरोगको संक्रमण हुने खतरा बढ्छ ।

### क्षयरोगका मुख्य लक्षणहरु




### क्षयरोग रोकथामका उपायहरु



- सुर्तीजन्य पदार्थ सेवन नगर्ने
- मानसिक तनाव कम गर्ने
- सन्तुलित आहारको सेवन गर्ने
- मदिरा वा लागूपदार्थ सेवन नगर्ने
- व्यायाम गर्ने
- क्षयरोग संक्रमित व्यक्तिबाट टाढै बस्ने
- २ हप्ताभन्दा बढी खोकी र ज्वरो आए वा अन्य लक्षण देखिए परीक्षण गराउने
- शिशु जन्मने वित्तिकै बि.सी.जी खोप लगाइदिने

स्वास्थ्य निर्देशनालय
मधेश प्रदेश, जनकपुरधाम

# जनकपुरमा अन्नबाट सीताराम स्वयम्बरको आकृति बनाइँदै



टुडे समाचारदाता

जनकपुरधाम । विवाह पञ्चमी महोत्सवको अवसर पारेर जनकपुरधामको बाह्रबिघा रङ्गभूमिमा अन्नबाट भगवान् राम, सीताको स्वयम्बरको विश्वमै सबैभन्दा ठूलो आकृति बनाउन लागिएको छ।

भगवान् रामसीतासँगै राजर्षि जनक तथा विश्वामित्रको पनि आकृति निर्माण गरिने भएको छ। सबै चित्र ११ हजार ११ स्क्वायर फिटको रहने निर्माण संयोजक सतिश गुजरले बताए।

सीताराम अनाज प्रतिमा निर्माण समितिका संयोजक एवं जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष जितेन्द्र महासेठका अनुसार खाद्यान्नबाट बनाउन थालेको आकृतिको उचाइ एक सय २१ फिट र चौडाइ ९१ फिटको रहने छ। आकृतिको निर्माणमा ११ प्रकारको खाद्यान्न प्रयोग गरेर जम्मा एक सय दुई क्वीन्टल लाग्ने संयोजक महासेठले बताए।

यसमा चनाको दाल, गहुँ, भटमास, चना, बदाम, मुंग, रहरको दाल, मकै, मसुरोको दाललगायत खाद्यान्न प्रयोग गरिने भएको छ। विश्वमा जनकपुरधामको पर्यटन प्रवर्द्धन गर्नका लागि अन्नको आकृतिको चित्र बनाएर गिनिज बुकमा अभिलेख राख्नका लागि प्रयास भइरहेको संयोजक महासेठले बताए। विश्व रेकर्ड कायम गर्ने उद्देश्यले भगवान् राम र सीतासहितको आकृति बनाउने कार्यका लागि भारतका सतिश गुज्जरको नेतृत्वमा आठ कलाकार आएको छ।

स्थानीय जनकपुरधाम उपमहानगरपालिका-४ का गुनगुन मिश्रको परिकल्पनामा भइरहेको आकृति निर्माणको सबै कार्य शुक्रबार बिहान १० बजेसम्म पूरा हुने सतिश गुज्जरले बताउनुभयो। आकृति निर्माणमा रु २१ लाख खर्च हुने र यसमा लाग्ने खर्च जनकपुरधाम उद्योग वाणिज्य सङ्घ तथा जनकपुरधाम उपमहानगरपालिकाले उपलब्ध गराउने जनाइएको छ।

# पशुपतिनाथको धर्मभकारी थापेर पशुपति हिन्दु विश्वविद्यालय स्थापना




काठमाण्डु । आराध्यदेव शुपतिनाथका नाममा धर्मभकारी थापेर पशुपति हिन्दु विश्वविद्यालय स्थापना गरिने भएको छ।

पशुपति क्षेत्र विकास कोषले पशुपति हिन्दु विश्वविद्यलय स्थापनाका लागि विद्वानसँग सुझाव लिन आज आयोजना गरेको कार्यक्रममा श्री पशुपति हिन्दु विश्विद्यालय स्थापना तयारी समितिका संयोजक डा जगमान गुरुङले नेपाल सरकारको अनुदान नलिई धर्मभकारी थापेर भगवान् भोलेनाथले वर्षाउनुहुने स्रोतले नै विश्विद्यालय स्थापना गर्न लागिएको जानकारी दिनुभयो। कोषले गठन गरेको समितिले शिवसङ्कल्पका आधारमा विश्विद्यालय स्थापना हुने गरी तयारी गरिएको जानकारी सो गराइएको हो।

"पशुपति र हिन्दु दुई शब्दले विश्वमा नेपालको आकर्षण बढाउँछ, विश्वका हिन्दु नेपाल आउने वातावरण बन्छ, यसले नेपालको शिर उच्च बनाउँछ, गोठाटारमा रहेको कोषको जग्गाको ईशान कोणमा विश्वविद्यालय बनाउने गरी अध्ययन भएको छ"-उहाँले भन्नुभयो।

समितिका सदस्य एवं नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका पूर्व अध्यक्ष धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतमले नेपालका संस्कृतिपरक दर्शनको अध्ययन अनुसन्धान गर्ने गरी विश्वविद्यालय स्थापना हुने बताउनुभयो। मानवमात्रको विश्वविद्यालय बनाउनेगरी कानुनको मस्यौदा भइरहेको उहाँले जानकारी दिनुभयो। विश्विद्यालयलाई राजनीतिक छायाका रुपमा नभई स्वतन्त्र प्राज्ञिक संस्थाका रुपमा स्थापित गर्ने समितिले गृहकार्य गरेको धर्मशास्त्रविद् गौतमले सुनाउनुभयो। कोषका सदस्य सचिव राजुकुमार केसीले पशुपतिका नाममा स्थापना हुने विश्वविद्यालयलाई गोठाटारमा रहेको जग्गाबाट ठाउँ दिने व्यवस्था गुरुयोजनामा गरिएको जानकारी गराउनुभयो। सांस्कृतिक अध्ययन अनुसन्धानको नमूनास्थलका रुपमा विश्वविद्यालयलाई अघि बढाइने उहाँको प्रतिबद्धता थियो।

कोषका कोषाध्यक्ष नारायणप्रसाद सुवेदीले पछिल्लो समय पशुपतिनाथलाई सहयोग गर्ने भन्दा माग्नेको सङ्ख्या बढिरहेको बताउनुहुँदै विश्वविद्यालयका लागि भने सहयोग जुटाउन काम गरिने जानकारी गराउनुभयो। ८२ प्रतिशत हिन्दु रहेको देशमा पशुपति हिन्दु विश्वविद्यालय स्थापना गर्दा देशको गौरव बढ्ने उहाँको भनाइ थियो।

कोषका कार्यकारी निर्देशक डा घनश्याम खतिवडाले विश्वविद्यालयले कसैलाई सम्बन्धन नदिने गरी यसको स्वरुप निर्धारण गर्न लागिएको जानकारी गराउनुभयो। कोषले गठन गरेको कार्यदलले सम्भाव्यता अध्ययन गरी प्रतिवेदन बुझाएपछि विश्वविद्यालय स्थापनाका लागि समिति गठन गरिएको उहाँले बताउनुभयो।

कार्यदलले बुझाएको प्रतिवेदन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले अध्ययन गरी अहिले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पठाएको जानकारी पनि समितिको सदस्य सचिवसमेत रहनुभएका कार्यकारी निर्देशक खतिवडाले गराउनुभयो। शिक्षा मन्त्रालयले प्रतिवेदन स्वीकृत गरेपछि विश्वविद्यालय स्थापनाको प्रक्रिया अघि बढ्ने कार्यक्रममा जानकारी गराइएको थियो। रासस

# मटिहानी नगरपालिकाद्वारा किसानलाई हिउँदे घाँसको बीउ वितरण




टुडे समाचारदाता

जलेश्वर। महोत्तरी जिल्लाको मटिहानी नगरपालिकाले पशुपालक कृषकहरुलाई हिउँदे घाँसको बीउ वितरण कार्यक्रम बिहीबार देखि सुरु गरेको छ। यसै बीच एक कार्यक्रममा पशुपालक कृषकहरुलाई हिउँदे घाँसको बिउ वितरण कार्यक्रमको शुभारम्भ मटिहानी नगरपालिकाका नगर प्रमुख श्री हरि प्रसाद मण्डलले गर्नुभयो।

यसै अवसरमा बोल्नु हुदैं नगर प्रमुख मण्डलले यो बिउँले कृषकहरुलाई पशुपालनका लागि घाँसको अभाव हताउन मद्दत पुग्ने कुरा भन्नुभयो। मटिहानी नगरपालिकाको ९ वटै वडाका ५०० पशुपालक कृषकहरूलाई बर्सिङ्ग र जौको बिउँ वितरण गरिने कार्यक्रम रहेको र पालिकाले प्रत्येक वर्ष यो बिउँ बितरण गर्दै आईरहेको कुरा पशु सेवा प्राविधिक दिलिप कुमार यादवले जानकारी दिनुभयो।

उक्त कार्यक्रममा मटिहानी नगरपालिका वडा नं.६ का वडा अध्यक्ष कलीम अंसारी, जिल्ला समन्वय समिति महोत्तरीका सदस्य राम लखन पंजियार, मुसाफिर सहनी लगायतका कृषकहरुको उपस्थिति रहेको थियो।

# जनसंख्यिक चापको प्रभाव




टुडे समाचारदाता


जनकपुरधाम। मधेश प्रदेशमा जनसांख्यिक चापको प्रभाव बारे बहस हुने भएको छ। आउदो शुक्रबार नोर्थ साउथ कलेक्टिव्स जनकपुरधामको प्राङ्गनमा बहस हुन लागेको हो।

'मधेश विर्मश श्रृख्ला' अर्न्तगत नोर्थ साउथ कलेक्टिव्सको आयोजनामा प्रत्येक महिना विभिन्न विषयवस्तुमाथि बहस हुँदै आएको छ। सोही मधेश विर्मश श्रृख्लालाई निरन्तरता दिँदै 'मधेशमा जनसांख्यिक चापको प्रभाव' विषयमा बहस हुन लागेको आयोजक संस्थाका प्रमुख राकेश मिश्रले जानकारी दिए। उनका अनुसार कार्यक्रममा राजनीतिक विश्लेषक तथा लेखक सिके लाल मुख्य वक्ता रहेको छ।

यस्तै, विर्मशमा शोधकर्ता तथा सामाजिक अभियन्ता इन्दु थारु र कान्तिपुरका पत्रकार जनकराज सापकोटाले आफ्ना विचार र अध्ययन/अनुभव सुनाउने प्रमुख मिश्रले जानकारी दिए। मधेशमा गौन रहेको विषयहरुमाथि प्रकाश पारी मूलधारको बहसमा ल्याउन यसप्रकारको कार्यक्रम आयोजना गरिएको आयोजक संस्थाका कार्यक्रम संयोजक मनोज साहले बताए।

'मुख्यत हाम्रो उद्देश्य ज्ञान उत्पादन र क्षमता अभिवृद्धि गर्नु हो,'उनले भने,'त्योसंग संगै यस प्रकारको कार्यक्रममार्फत गौन रहेको महत्तवपूर्ण मुद्दाहरु पनि बाहिर ल्याउने प्रयास गरेका छौं।'

# जनकपुरधाममा झण्डा मेला



टुडे समाचारदाता

जनकपुरधाम।जनकपुरधामको वडा नं ८ बाल्मिकीनगरमा श्री श्री १०८ महावीर झण्डा मेला शुरु भएको छ। १ सय १ फिटको अग्लो महावीर झण्डा रहेको छ।

विश्व शान्ति तथा मानव कल्याणका लागि आयोजना गरेको महावीरु झण्डामा पच्चिस वटा खण्ड रहेको छ। स्थानीय बाँसीको सहयोगमा बुधवार देखि शुरु भएको महावीर भण्डा ९ दिनसम्म चल्ने आयोजक समितिका सदस्य स्थानीय बाँसी रञ्जित राउतले जानकारी दिएका छन्।

करिव ३५ लाखको लागतमा झण्डा सहित मेलाको व्ज्वस्थापन गरिईएको छ। स्थानीइ यूवा बजरंग यादवको संयोजकत्वमा महावीरझण्डा महोत्सव मूल समितिको निर्माण गरिईएको छ। महावीर झण्डा सहित मेलामा रामझुला सहितका विभिन्न प्रकारका खेलकूद तथा सांस्कृतिक कार्यक्रमको आयोजना गरिईएको छ।

# 'ॐ तृप्यन्ताम' बजारमा

काठमाण्डु । लघुकथाको साहित्यिक आकाशमा नयाँ कृति 'ॐ तृप्यन्ताम' नामक लघुकथा सङ्ग्रह उदाएको छ। साहित्यकार एवं पत्रकार शङ्कर खरेलले लेख्नुभएको यस सङ्ग्रहमा वर्तमान सामाजिक, राजनीतिक, धार्मिक विषयका लघुकथाहरू सङ्ग्रहित छन्। लेखकका साहित्यका विभिन्न विधामा करिब डेढ दर्जन कृति प्रकाशित छन्।

पितृ कार्यमा प्रयोग हुने शब्द आजको सबैले भोगिरहेकै समाजको भएकाले पाठकहरूले आफैँले भोगेजस्तो महसुस गर्न सक्नेछन्।

पुस्तकका बारेमा समीक्षा गर्न आज यहाँ आयोजित कार्यक्रममा सहभागी वक्ताहरूले पुस्तकले सामाजिक पक्षलाई उजागर गर्दै लघुकथाको क्षेत्रमा नयाँ अभ्यास गरेको बताएका छन्। पुस्तकका लेखक खरेलले समाचार लेखनका क्रममा भेटिएका पात्र र तिनका समस्याहरूलाई नै समेटेर पुस्तक लेखेको उल्लेख गर्दै पत्रकारिता




'ॐ तृप्यन्ताम' लाई नै पुस्तकको नाम दिइएको यस सङ्ग्रहमा ७८ वटा लघुकथा अटाएका छन्। राजनीतिमा हुने बेइमानी, सत्ता र सरकारमा जानलाई हुने मोलमोलाइ, भनाइ र गराइमा हुने अन्तर, न्यायिक क्षेत्रमा हुने विकृति, वैदेशिक रोजगारीमा जाँदाको सपना र बाकसमा फर्किनु पर्दाको पारिवारिक पीडाजस्ता हृदयस्पर्शी विषयलाई समेटिएको छ।

विगतमा पुरस्कार, सम्मानमा हुने गरेका विकृति, विसङ्गति, सहकारीले गरिब जनताको पैसा लुटेको अवस्था, पैसाको लागि प्रेमको नाटक गर्ने र बलात्कारको आरोप लगाउने प्रेमिकाका चरित्रहरूलाई पनि कथाको रूपमा ल्याइएको छ। लघुकथाका विषयवस्तु र साहित्यलाई आफूले सँगसँगै अगाडि बढाउँदै लैजाने बताउनुभयो।

सो अवसरमा साहित्यकार श्री ओम श्रेष्ठ 'रोदन'ले पछिल्लो समय मानिसको बढ्दो व्यस्तताका कारण लघुकथाजस्ता लघु रचनाहरूको आकर्षण बढ्दै गएको बताउनुभयो। सांसद अमृत अर्यालले लघुकथाको क्षेत्रमा कृतिले नयाँ अभ्यास दिन खोजेको चर्चा गर्नुभयो। लघुकथा समाजका अध्यक्ष ममता मृदुलको अध्यक्षतामा भएको सो कार्यक्रममा गीतकार विश्वराज पोखरेल, कथाकार नवराज सिलवाल, अन्नपूर्णपोष्टका सम्पादक अखण्ड भण्डारी र कलाकार दीपाश्री निरौलालगायतले पनि पुस्तक र यसका लेखकको लेखनशैलीको बारेमा प्रकाश पार्नुभयो। रासस

# सुशासन प्रवर्द्धनमा आयुक्त चन्दको जोड

जलेश्वर । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त जयबहादुर चन्दले भ्रष्टाचार अन्त्य नभएसम्म देशले उन्नति गर्न नसक्ने बताउनुभएको छ। महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा बिहीबार अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबास कार्यालयले आयोजना गरेको 'भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन' सम्बन्धी जिल्लास्तरीय अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै आयुक्त चन्दले सार्वजनिक पदमा बसेका जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीलाई जनताको सुख, शान्ति र समृद्धिमा समर्पित गर्न सल्लाह दिनुभयो।

महोत्तरीको १० नगरपालिका र पाँच गाउँपालिकाका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, विभिन्न कार्यालयका प्रमुख, प्रमुख जिल्ला अधिकारी, चारवटै सुरक्षा निकायका प्रमुख र विभिन्न सरोकारवाला सङ्घसंस्थाका प्रमुख सहभागी रहेका सो कार्यक्रममा आयुक्त चन्दले भ्रष्टाचार गर्ने कसैको पनि भलो हुँदैन र भ्रष्टाचार गरे आफू र आफ्ना आउँदा सन्ततिले त्यसको परिणाम भोग्नुपर्ने निश्चित रहेको भन्नुहुँदै बिहीबारनैदेखि सबैले आ-आफ्नो तर्फबाट भ्रष्टाचार नगर्ने/नगराउने प्रतिबद्धता जाहेर गर्न अपिल गर्नुभयो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबास कार्यालयले आयोजना गरेको सो कार्यक्रमलाई जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुमनकुमार लाल कर्णले अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचारीलाई कारबाहीका लागि मात्रै नभई जिम्मेवारीवोध गराउने र मार्गदर्शनको कामसमेत गर्ने संस्था रहेको बताउनुभयो। रासस

# ४ महिनामा सरकारले खर्च गऱ्यो ३५५ अर्ब ६३ करोड

टुडे समाचारदाता

काठमाण्डु । चार महिनामा सरकारले ३५५ अर्ब ६३ करोड रुपैयाँ खर्च गरेर सकेको छ। नेपाल राष्ट्र बैंकले बिहीबार सार्वजनिक गरेको देशको आर्थिक् तथा वित्तीय अवस्थासम्बन्धी रिपोर्टअनुसार चार महिनामा नेपाल सरकारको कुल खर्च रु.३५५ अर्ब ६३ करोड भएको हो।

महालेखा नियन्त्रक कार्यालयका अनुसार सरकारी खर्च गत आर्थिक वर्षको पहिलो चार महिनामा २२.१ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा १.३ प्रतिशतले मात्र वृद्धि भएको छ। समीक्षा अवधिमा चालु खर्च रु.२७१ अर्ब १७ करोड, पुँजीगत खर्च रु.२९ अर्ब ९९ करोड र वित्तीय व्यवस्था खर्च रु.५४ अर्ब ४७ करोड रहेको छ।

यस्तै समीक्षा अवधिमा सरकारको कुल राजस्व परिचालन (प्रदेश सरकार तथा स्थानीय सरकारमा बाँडफाँट हुने रकमसमेत) रु.२७६ अर्ब ६४ करोड भएको छ। गत आर्थिक वर्षको पहिलो चार महिनामा १९.८ प्रतिशतले घटेको राजस्व, समीक्षा अवधिमा ३.० प्रतिशतले बढेको बैंकले जनाएको छ।

यस अन्तर्गत कर राजस्व रु.२५४ अर्ब ३० करोड र गैर कर राजस्व रु.२२ अर्ब ३४ करोड परिचालन भएको छ। यस्तै कात्तिक मसान्तमा राष्ट्र बैंकमा रहेका सरकारका विभिन्न खातामा रु.१५२ अर्ब ४० करोड (प्रदेश सरकार तथा स्थानीय सरकारको खातामा रहेको रकमसमेत) नगद मौज्दात रहेको छ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : धन वृद्धि सञ्चय। |
| बृष | : अवसर प्राप्त। |
| मिथून | : वाद विवादबाट बच्नु। |
| कर्कट | : प्रतिभा सम्पन्नता। |
| सिंह | : शिक्षामा उन्नति। |
| कन्या | : भ्रमण अवसर हुने। |
| तुला | : प्रेम प्रसंग, मित्र सुख। |
| वृश्चिक | : नयाँ कार्य हुने। |
| धनु | : पुरस्कार प्राप्त लाभ। |
| मकर | : सुख समृद्धि हुने। |
| कुम्भ | : बौद्धिक क्षमता। |
| मीन | : पारिवाहिक सुख। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जनकपुरधाममा जारी सप्ताहव्यापी सीताराम विवाह पञ्चमी महामहोत्सवको तेस्रो दिन बिहीबार 'धनुष यज्ञ' मा राखिएको शिव धनुषको प्रतिमा। *तस्वीर : संजय*

# 'म्याचुरेटी' गर्दै औषधि व्यवस्था विभाग




काठमाण्डु । औषधि व्यवस्था विभागले कामको विश्वसनियताको लागि 'म्याचुरेटी' (परिपक्कता)को तीन तहमा पुग्ने तयारी थालेको छ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले तोकेको मानङ्कअनुसार विभाग परिपक्कताको तीन तहमा पुग्ने तयारी गरेको हो। विभागका महानिर्देशक नारायणप्रसाद ढकालका अनुसार अहिले विभागको परिपक्कताको दुई तह मात्र छ।

'डब्लुएचओ ग्लोबल बेन्च मार्किङ्ग'मा उल्लेख गरिएका कानुन, जनशक्ति, कार्यालय, प्रयोगशाला, अनुगमन लगायतका मानाङ्कलाई हेरेर तह निर्धारण गर्ने गरिन्छ।

विभागले स्तरोन्नतीका लागि विभागले कानुन संशोधन, प्रदेशस्तरमा कार्यालय, दक्षजनशक्ति थप र प्रयोगशालाको क्षमता बढाउने कार्य गरिरहेको छ। "हाम्रो क्षमता अनुसार अहिले हामी परिपक्कताको दुई तहमा रहेका छौँ"उहाँले भन्नुभयो, "परिवक्कताको तीन तहमा जाने हाम्रो योजना हो। त्यही अनुसार अहिले हामीले काम गरिरहेका छौँ।"

तीन तहको परिपक्कता पुगेपछि विभागले गरेका निर्णय परिपक्क हुने, अन्यले मान्ने खाले हुने, निष्पक्ष, पारदर्शीता र औषधि गुणस्तरिय हुने उहाँको भनाइ रहेको छ। परिपक्कताको चार तहमा पुगेपछि डब्लुचएओले सूचिकृत गर्ने गरेको छ। औषधि पसल, आयुर्वेदिक पसलको अनुगमनका गर्नका लागि विभागसँग प्रयाप्त मात्रामा जनशक्ति रहेका छैनन्।

विभाग अहिले प्रदेशस्तरमा पनि जान सकेको छैन। काठमाडौँ बाहिर विराटनगर, वीरगञ्ज र नेपालगञ्ज मात्र विभागको कार्यालय छ। विभागमा अहिले एक सय १५ जनशक्ति छन्। "हामीसँग एकदमै थोरै जनशक्ति रहेका छन्" उहाँले भन्नुभयो, "यसले गर्दा हामीले उद्योग, औषधि पसलको प्रयाप्त मात्रामा अनुगमन गर्न सकेका छैनौँ।" विभागमा अहिले स्वदेशी एक सय ५० उद्योग दर्ता र पाँच सय विदेशी कम्पनी दर्ता छन्। रासस

# चौध किलो सुन प्रकरणमा अहिलेसम्म पाँच पक्राउ



काठमाण्डु । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट यही मङ्सिर २१ गते राति बरामद गरिएको १४ किलो सुन प्रकरणमा हालसम्म पाँच जना पक्राउ परेका छन्। सो दिन फ्लाई दुबईको उडान नं 'एफजेड ५७३' बाट आएका गोरखाका ४५ वर्षीय चन्द्र घलेको साथबाट उक्त परिमाणको सुन बरामद गरिएको थियो।

अनुसन्धानका क्रममा बिहीबार प्रहरीले विमानस्थलका सरसफाई सुपरभाइजर सुशीला पाण्डेलाई नियन्त्रणमा लिएसँगै पक्राउ पर्नेको संख्या पाँच पुगेको त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख डा टोकराज पाण्डेले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "फोहोरको भाँडोमा सुन लुकाएर बाहिर ल्याउन संलग्न भएको देखिएपछि सरसफाइ सुपरभाइजर पाण्डेलाई नियन्त्रणमा लिइएको हो, छानबिन पूरा गरेर सबै सार्वजनिक गर्छौं।" सो प्रकरणमा विमानस्थल भन्सार कार्यालयका उपसचिव मणिराम पौडेलको नेतृत्वको समितिले छानबिन गरिरहेको छ।

सुनसहित पक्राउ परेका घलेको बयानका आधारमा गोरखाका मीनबहादुर घलेलाई पनि प्रहरीले पक्राउ गरेको थियो। सोही प्रकरणमा विमानस्थलका सरसफाई सहयोगी दुई जना गरी हालसम्म पाँच जना पक्राउ परेको प्रमुख भन्सार प्रशासक डा पाण्डेले बताउनुभयो। रासस

# स्थानीय अर्थतन्त्र बलियो बनाउन एडिबीको १६ अर्ब ६० करोड सहयोग

काठमाण्डु। नेपालको दिगो पर्यटन प्रवर्द्धन गर्दै स्थानीय बासिन्दालाई गुणस्तरीय जीवनयापनमा सघाउने उद्देश्यले जीवनयापान सुधार परियोजना कार्यान्वयन गर्न एसियाली विकास बैंक (एडिबी)ले रु १६ अर्ब ६० करोडको वित्तीय सहायता उपलब्ध गराउने भएको छ।

पर्यटनका माध्यमबाट स्थानीय अर्थतन्त्रलाई सबल बनाउन
देवदह, लुम्बिनी सांस्कृति, सैनामैना, सिद्धार्थनगर र तिलोत्तमा नगरपालिकाका साथै जनकपुर उपमहानगरपालिका र पोखरा महानगरपालिकाको आर्थिक वृद्धिमा सघाउन उक्त वित्तीय 'प्याकेज' एडिबीले आज स्वीकृत गरेको हो।

बैंकको प्रधानकार्यालय मनिलाबाट आज जारी प्रेस विज्ञप्तिअनुसार जलवायु एवं प्रकोप प्रतिरोधी सहरहरू निर्माण गरी नेपालको स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउन र दिगो आर्थिक विकास गर्ने नेपालको सरकारको रणनीतिमा सघाउन उक्त प्याकेज स्वीकृत गरिएको हो।रासस

# रुसी सेनामा गएकालाई स्वदेश फर्काउन सरकारको पहल

काठमाण्डु । नेपाल प्रहरीले एक साताअघि नेपाली युवालाई प्रलोभन देखाएर अवैध रुपमा रुस पठाउने गिरोहका १२ जनालाई काठमाडौँका विभिन्न स्थानबाट नियन्त्रणमा लियो। युक्रेनसँगको युद्धमा होमिएको रुसको राष्ट्रिय सेनामा भर्ती गराइदिने आश्वासन दिँदै उक्त गिरोहले युवासँग ठूलो रकम असुलेको प्रहरीले अनुसन्धानबाट खुलेको छ।

'भिजिट भिसा'मार्फत नेपालीलाई रुसको सेनामा भर्ना हुन पठाएको आरोपमा उनीहरुलाई प्रहरीले पक्राउ गरेको हो। सोही आरोपमा काठमाडौँका सन्तोष रोका र रोजल महर्जन, सिन्धुपाल्चोकका मनिष न्यौपाने, उदयपुरका हरिबहादुर विश्वकर्मा र क्षितिज गिरी, सिराहाका दीपेन परियार, काभ्रेपलाञ्चोकका सुवास लामा, चितवनका गोकर्ण अर्याल, बाराका सन्तोष नेपाल, ओखलढुङ्गाका सुजता दाहाल, लमजुङका ईश्वर अधिकारी र दाङ द्रोणा डाँगी प्रहरी अनुसन्धानमा छन्।

उनीहरु नेपाली युवालाई भिजिट भिसामा दुबई तथा नेपालबाट सडकमार्गबाट भारत लगेर त्यहाँबाट रसिया पठाउने काममा संलग्न रहेको प्रहरीले जनाएको छ। उक्त गिरोहले प्रतिव्यक्ति रु सात लाखदेखि रु ११ लाखसम्म असुलेको प्रहरीको अनुसन्धानबाट थाहा खुलेको छ। नेपालमा सक्रिय गिरोहलाई रुसमा बस्ने नेपाली नागरिक शोभराज र अनुपले सहयोग गरेको भेटिएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता तथा प्रहरी उपरीक्षक कुमोध ढुङ्गेल बताउनुहुन्छ।

प्रहरीले रुसी सेनामा भर्ना गर्न भन्दै अन्तर्वार्ता सञ्चालन गर्ने केही शैक्षिक परामर्शदाता (कन्सल्टेन्सी) सञ्चालकलाई पनि नियन्त्रणमा लिएको छ।




परम्परागत रुपमा रहेको सम्झौतअन्तर्गत केही मित्रराष्ट्रको राष्ट्रिय सेनामा नेपाली नागरिक भर्ना हुँदै आएकोमा बाहेक अन्य विदेशी सेनामा नेपाली नागरिक भर्ना हुन अनुमति दिने सरकारको नीति नरहेको सरकारले यसअघि नै स्पष्ट पारिसकेको छ।

सरकारले नेपाली नागरिकलाई रुसी सेनामा भर्ना नगर्न र कुनै पनि नेपाली नागरिकलाई भर्ना गरेको भए त्यस्ता नागरिकलाई तत्काल नेपाल फर्काउन रुसी सरकारलाई अनुरोध गरिसकेको प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'का प्रेस सल्लाहकार गोविन्द आचार्य बताउनुहुन्छ। सरकारले रुसी सेनामा भर्ना भई हाल युक्रेनमा बन्दी अवस्थामा रहेका नेपालीलाई स्वदेश फिर्ता गर्ने सम्बन्धमा समेत कूटनीतिक पहल गरिरहेको छ।

"नेपाली युवालाई प्रलोभनमा पारी रुस पुऱ्याउने गिरोहको खोजीमा सरकार लागेको छ, केही पक्राउ परेका छन्", उहाँले भन्नुभयो, "सरकारले सार्वजनिक रुपमा नै युवालाई रुसी सेनामा भर्ना नहुन आग्रह गरिरहेको छ, सरकारी कामकाज, रुसको छात्रवृत्ति तथा पेशा व्यवसायमा संलग्न भएका बाहेक अन्यलाई रुस जान रोकिएको छ।" सरकारले कसैको प्रलोभनमा नपरी, युद्धरत मुलुकको सेनामा भर्ना नहुन सार्वजनिक रुपमा आह्वान गरिरहेको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले काठमाडौँ विश्वविद्यालयको २९औँ दीक्षान्त समारोहमा रुसी सेनामा भर्ना भएका नेपालीलाई स्वदेश फर्काउन सरकारले प्रयास गरिरहेको बताउनुभएको थियो।

"अहिले विभिन्न बाध्यताका कारण दुई सयभन्दा बढी नेपाली युवा रुसी सेनामा भर्ना भएको जुन खबर आएको छ, त्यो चिन्ताजनक छ", उहाँले भन्नुभएको थियो, "सरकार तिनलाई सकुशल फिर्ता ल्याउन हरसम्भव प्रयास गरिरहेको छ।" प्रधानमन्त्री दाहालले नेपालमै शिक्षा र रोजगारीका प्रशस्त अवसर रहेको उल्लेख गर्दै युवालाई स्वदेशमा नै श्रम र पसिना बगाउन अपिल गर्नुभएको छ। "नेपालमा अवसर छैन भन्ने जुन भाष्य निर्माण भएको छ, त्यसको परिणामस्वरूप नेपाली युवा विदेशमा अनेक हन्डर खाइरहेका छन्।

म उनीहरूलाई यही मञ्चबाट आश्वस्त पार्न चाहन्छु कि अहिले नेपालमै प्रशस्त शिक्षा तथा रोजगारीका अवसर छन् र तिनको उचित व्यवस्थापन गर्न सके व्यक्तिगत जीवनको मात्र नभएर देशहितको पनि काम गर्न सकिन्छ", प्रधानमन्त्री दाहालले भन्नुभएको थियो।

सरकारले सरकारी कामकाज, रुसी सरकारको छात्रवृत्ति तथा पेसा व्यवसायमा संलग्न भएका बाहेक अन्य सर्वसाधारण नागरिकलाई रुस यात्रा गर्नुपरेमा कन्सुलर सेवा विभागबाट 'नो अब्जेक्सन लेटर' लिएर मात्रै यात्रा गर्न सरकारले सबैमा अपिलसमेत गरेको छ।

हालसम्म रुसी सेनामा भर्ती भएका छ नेपालीको मृत्य भएको पुष्टि भएको परराष्ट्र मन्त्रालयले जनाएको छ। गोरखाका सन्दीप थपलिया, कपिलवस्तुका रुपक कार्की, पोखराका देवान राई, स्याङ्जाका पितम कार्की, दोलखाका राजकुमार रोका र इलामका गङ्गाराज मोक्तानको मुत्यु भइसकेको छ। अझै केही नेपाली युवा रुसी सेनामा संलग्न रहेको भन्ने सूचना प्राप्त भएको सरकारी अधिकारीको भनाइ छ।

सरकारले दुई मुलुकबीच सम्झौता भएर अध्ययनका लागि छात्रवृत्तिमा जानेबाहेकका सम्पूर्णलाई रुस जान रोक लगाएको छ। नेपालीहरु रोजगारी, अध्ययन, व्यवसाय तथा भ्रमणका लागि रुस जाँदै आएका छन्। नेपाली युवालाई आकर्षक रोजगारीको प्रलोभन देखाएर केही गिरोह अवैध रुपमा रुस लैजाने काममा सक्रिय रहेको प्रहरीले जनाएको छ। रासस

# मनाइयो सङ्घीय संसद् सेवा दिवस

काठमाण्डु । विसं २०५८ मा निजामती सेवाबाट अलग भइ स्वायत्त संसद् सेवा गठन भएको स्मरणमा सङ्घीय संसद् सचिवालयले बिहीबार सङ्घीय संसद् सेवा दिवस मनाएको छ। सिंहदरबारस्थित सचिवालयका विशेष समारोहका आयोजना गरी दिवस मनाइएको हो।

नेपालको संविधानको धारा २०७ मा सङ्घीय संसद्को काम कारबाही सञ्चालन तथा व्यवस्थापन गर्न एक सचिवालय रहने र त्यस्तो सचिवालयको स्थापना तथा तत्सम्बन्धी अन्य व्यवस्था सङ्घीय कानुनबमोजिम हुने व्यवस्था छ।

निजामती सेवा ऐनबाट निकालेर छुट्टै ऐनद्वारा सञ्चालित संसद् सेवा विशिष्ट, स्वायत्त र व्यावसायिक सेवा हो। कार्यक्रममा प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सना, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङ, विभिन्न राजनीतिक दलका प्रमुख सचेतक, सांसद र कर्मचारीको सहभागिता रहेको थियो। कार्यक्रममा सभामुख घिमिरेले संसद्को प्रभावकारिता बढाउन विगतको समीक्षासहित स्थायी कर्मचारीको गरिमामय भूमिका स्थापित गर्न आवश्यक रहेको बताउनुभयो।

उहाँले आफूहरु कर्मचारीको क्षमता र सक्रियतामा निहीत हुने जनाउँदै संसद्लाई आवश्यक पर्ने जनशक्ति, सूचना, प्रविधि, भौतिक सामग्रीलगायत उपलब्ध गराउनु सङ्घीय संसद् सचिवालयको कार्य भएको उल्लेख गर्नुभयो।

संसद् सेवाको विशिष्ट कार्य प्रणालीले विधायिकी कार्य र संसदीय कामकारबाहीमा अविच्छिन्न सहयोग पुगेको उहाँको भनाइ छ।

सभामुख घिमिरेले स्थायी सरकारको रुपमा रहेका कर्मचारी वर्गको वृत्ति विकास, विशेषज्ञता र मितव्ययी आचरण आजको दिनमा अपेक्षित रहेको उल्लेख गर्नुभयो।

अध्यक्ष तिमिल्सिनाले सरकारले संसदलाई सीमा तोकेर नभइ मागका आधारमा बजेट निर्धारण गर्नुपर्ने बताउनुभयो। सो अवसरमा मन्त्री गुरुङले संसद्का कर्मचारीको सुविधा वृद्धि गर्न प्रधानमन्त्री र अर्थमन्त्रीसँग कुरा गर्ने विश्वास दिलाउनुभयो। उपसभामुख इन्दिरा रानाले कर्मचारीलाई विभेदरहित सुविधा दिलाउन पहल गर्नुपर्ने बताउनुभयो।

राष्ट्रिय सभाका उपाध्यक्ष उर्मिला अर्यालले वृत्ति विकासमा सचिवालयका कर्मचारीलाई प्रश्रय दिनुपर्नेमा जोड दिनुभयो। मुख्य सचिव डा बैकुण्ठप्रसाद अर्यालले सरकारका काममा सघाउन र अनुगमन गर्न सचिवालयका कर्मचारीको भूमिका सक्रिय रहेको बताउनुभयो।

सचिवालयका आधिकारिक कर्मचारी युनियनका अध्यक्ष गोविन्द बेल्वासे जैसीले दिवसको केही दिनअघि महासचिवको राजीनामा आउनु र नयाँ नियुक्तिमा सचिवालयका लामो समय काम गरेकालाई प्राथमिकता नदिइएको गुनासो गर्नुभयो।

कार्यक्रममा दीर्घ सेवा पदक र खेलकुद प्रतियोगितामा विजयीलाई पुरस्कार प्रदान गरिएको थियो। सो अवरमा सचिवालयका कार्यबाहक महासचिव पदमप्रसाद पाण्डेयले उत्कृष्ट हुने कर्मचारीको नाम घोषणा गर्नुभएको थियो। रासस

# एकैदिन २७ जोडीको कोर्ट म्यारेज



**टुडे समाचारदाता**

काठमाण्डु । जिल्ला अदालत काठमाण्डुमा एकैदिन २७ जोडीले कानुनी विवाह गरेका छन्। बिहीबार जिल्ला अदालत परिसरमा बिहे गर्नेहरूको घुइँचो लागेको थियो। एकैदिन अहिलेसम्मकै धेरै जोडीको बिहे भएको अदालतका नायव सुब्बा राजन खड्काले जानकारी दिए।

मङ्सिर महिनामा मात्र जिल्ला अदालत काठमाडौँमा २ सय ८६ जोडीले कानुनी विवाह गरेका छन्। अत्यन्त कम खर्चमा बेहुला बेहुली केही साछी सहित अदालतमा उपस्थित भएर कानुनी प्रक्रिया पूरा गरी हुने विवाहको आकर्षण बढिरहेको छ।

# महानगरको निर्णय सर्वोच्चद्वारा बदर

काठमाण्डु। सर्वोच्च अदालतले निजी स्वामित्वको घरजग्गामा पार्किङ दस्तुर उठाउन नपाउने काठमाडौँमहानगरपालिकाको निर्णयलाई बदर गरेकोछ।

प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, न्यायाधीशहरु डा आनन्दमोहन भट्टराई, सपना प्रधान मल्ल, सुष्मालता माथेमा र कुमार रेग्मीको संवैधानिक इजलासले यही मङ्सिर २० गते गरेको आदेशको आज लिखित आदेश सार्वजनिक गदै उक्त निर्णय बदर गरेको हो।

आदेशमा भनिएको छ, "निवेदकहरुको सम्पत्ति उपभोग गर्ने वा व्यवसाय गर्ने हकमा अंश लगाउने अधिकार नेपालको संविधानको धारा २२८ ले स्थानीय तहलाई प्रदान गरेको नदेखिइ काठमाडौँ महानगरपालिका आर्थिक ऐन, २०५० को उक्त व्यवस्था नेपालको संविधानको धारा २२८ को व्यवस्थासँग बाझिएको देखिँदा काठमाडौँ महानगरपालिका आर्थिक ऐन, २०८० को दफा १२ को उपदफा (४) र अनुसूची ११(क) को क्रमसरू्या या (१) र क्रमसर्‍ या (३) लाई नेपालको संविधानको धारा १३३ को उपधारा (१) बमोजिम आजको मितिदेखि अमान्य र बदर घोषित गरिएको छ।"

# वैदेशिक रोजगारीमा जाने श्रमिकलाई अभिमुखीकरण तालिम दिने संस्थामाथि थप कडाइ





**टुडे समाचारदाता**

काठमाण्डु । वैदेशिक रोजगारीमा जाने श्रमिकलाई अभिमुखीकरण तालिम प्रदायक संस्थाहरूमाथि थप कडाइ गरिएको छ। अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि २०७६ को दफा ५ (३) (दोस्रो संशोधन) संशोधन गर्दै थप कडाइ गराइएको हो।

वैदेशिक रोजगार विभागले तालिम प्रदायक संस्थाहरूबारे बारम्बार गुनासो आउन थालेपछि कडाइ गरेको हो। उक्त मापदण्ड पुरा गरेर पुस १९ गतेभित्र अध्यावधिक गर्नुपर्ने विभागका निर्देशक कविराज उप्रेतीले बताए।

उक्त कार्यविधिमा तोकिएको जनशक्तिका अतिरिक्त पूर्वाधार तयार भएको स्पष्ट योग्यता र प्रमाण विभागको अनुगमन शाखामा पेश गर्नुपर्नेछ। संशोधित कार्यविधि २०७६ को दफा ५ को उपदफा ८ बमोजिम प्रशिक्षकको व्यवस्था गर्नुपर्नेछ। त्यसरी प्रशिक्षकको व्यवस्था गर्दा कम्तीमा १ जना आफूले छानेको क्लष्टर अनुसारको सोही देशमा गएर फर्किआएको व्यक्ति हुनुपर्नेछ।

त्यस्तै संशोधित कार्यविधि २०७६ को अनुसूची २ को 'ङ' अनुसार प्रत्येक प्रशिक्षण कक्षमा ८४ ईन्चको स्मार्ट बोर्ड २ वटा, कम्प्युटर प्रिन्टर र विभागको फेमिस प्रणालीसँग मेल खाने आईरिस रेटिना हाजिर मेसिन (आईरिस स्क्यानर) अनिवार्य हुनुपर्ने विभागले जनाएको छ। पुस १९ गतेभित्र उक्त जनशक्ति तथा पूर्वाधार पुरा नगर्ने संस्थाहरूको काम कारोबार रोक्का गरिने विभागले जनाएको छ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# हिंसात्मक घटना रोक

बारा जिल्लाको सिम्रौनगढ नगरपालिकामा प्रहरीको गोली लागेर एकजना युवकको मृत्यु भएको छ । मृतक युवक स्थानीय युवक छन् । ती युवक कर्मचारीहरुले बिरोध प्रदर्शन गरिरहेको बेला रमिता हेर्न नगरपालिका कार्यालय नजिक पुगेका थिए । नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत नहुँदा कर्मचारी, शिक्षक लगायतले केही महिनादेखि तलब पाएका छैनन् । उनीहरुले तलब, सुबिधाको मागगर्दै नगरपालिकाको मुख्य प्रवेशद्वारमा धर्ना दिएर बिरोध गरिरहेका छन् । नगरपालिकाका मेयर किसोरी साह कलवारले कर्मचारीहरुको धर्नालाई वेवास्तागर्दै प्रमुख प्रशासकीय अधिकृत महेश कुमार मिश्रलाई हाजिर गराएका थिए । बिरोध प्रदर्शन गरिरहेका कर्मचारीहरुले मिश्रलाई हाजिर हुन नदिने मनस्थितिमा थिए । तर मेयरले प्रमुख प्रशासकीय अधिकृतलाई ल्याएर कामकाज अगाडि बढाउन चाहेका छन् । कर्मचारीहरुको माग पूरा गर्न पनि प्रमुख प्रशासकीय अधिकृत नै चाहिन्छ । तलब, सुविधा नपाएर संघर्षमा उत्रन बाध्य भएका कर्मचारीहरुलाई तलब, सुविधा उपलब्ध गराउन प्रशासकीय अधिकृत अनिवार्य नै हुन् । मेयर नभए पनि प्रमुख प्रशासकीय अधिकृतले कर्मचारीहरुको तलब, सुविधा उपलब्ध गराउन सक्छन् । मेयर भए पनि उनीहरुलाई तलब सुबिधा उपलब्ध गराउने प्रमुख प्रशासकीय अधिकृत नै हुन् । कर्मचारीहरुले प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर हुन रोक्नु उपयुक्त देखिएन् । उनीहरुको माग प्रमुख प्रशासकीय अधिकृतले सम्बोधन नगरेको भए आन्दोलनमा जान सकिन्थ्यो । तर हाजिर नै हुन नदिने र हाजिर भइसकेपछि मेयर र प्रमुख प्रशासकीय अधिकृतलाई नै कार्यकक्षमा थुन्ने जस्ता काम गर्नु उपयुक्त देखिदैन् । कर्मचारीहरुले माग पूरा गर्न प्रमुख प्रशासकीय अधिकृतमाथि दवाव बढाउन सक्थे । मिश्रलाई मेयरले हाजिर गराए पनि उनी कर्मचारीको पक्षमा नै रहेर काम गर्नुपर्ने बाध्यता र दायित्व पनि हो । काम गरेका कर्मचारीहरुलाई सरकारले तलब, सुबिधा वापतको रकम समयमै उपलब्ध गराउँछ । नगरपालिकामा कर्मचारीलाई तलब, सुविधा दिन बजेटको पनि अभाव देखिएको छैन् । प्रमुख प्रशासकीय अधिकृत महेश कुमार मिश्रले काम थालेपछि माग सम्बोधन नगरेको भए अझ सशक्त बिरोधमा कर्मचारी उत्रन सक्थे । उनीहरुले शान्तिपूर्ण रुपमा समाधानको बाटोमा नगएर प्रहरीसित झडपमा उत्रनु जायज थिएन् । प्रहरीले झन बदमासी गरेको छ । प्रहरीले अनावश्यक रुपमा गोली चलाएर सर्वसाधारणको ज्यान लिएको छ । अश्रुग्यास र लाठीचार्जबाट पनि भीड तितरबितर हुन सक्थ्यो । तर प्रहरीले त्यसो नगरी अन्धाधुन्ध फायर गरेका थिए । प्रहरीको गोली लागेर युवकको मृत्यु हुनु अत्यन्त दूर्भाग्यपूर्ण हो । प्रहरीले कसैको ज्यान लिने काम होइन् । मृतकको परिवारलाई क्षतिपूर्ति र घटनामा घाइते भएकाहरुको उपचार खर्च सरकारले ब्यहोर्नु पर्छ ।

# मिथिला कलाको प्रतीकात्मक अर्थबोध



हिमांशु चौधरी

मिथिला चित्रकलामा प्रतीकहरूको प्रयोगले मिथिलाको सम्पूर्ण सांस्कृतिक जीवन परिलक्षित भएको पाइन्छ । मैथिलहरूले हजारौं वर्ष पहिलेबाट उत्सवका लागि चित्रकलालाई विकसित पारेको देखिन्छ । चित्रहरू तान्त्रिक प्रतीकहरूले परिपूर्ण रही जीवनको तान्त्रिक विचारधाराको प्रतिनिधित्व गरिरहेका छन् । कोहवर, अरिपन र पौराणिक कथामा आधारित दृश्य मिथिला चित्रकलामा जनप्रिय रहेका छन् ।

अरिपनको पदचिह्नले सूर्य, चन्द्र तथा पृथ्वीको आत्माको रुप पाइन्छ । सिन्दुरको रातो बिन्दुले प्रकृतिको शक्ति रुपलाई बोध गराउँछ । कोहवरमा वासनात्मक मुद्रा, अरिपनमा शास्त्रोक्त क्रिया पद्धति एवं घरेलु धार्मिक उत्सवहरूका लागि पवित्र ठाउँको प्रतिनिधित्व पनि गरिरहेको छ ।

चित्रहरू पुरातन शैलीको भए तापनि स्पष्टरूपले भाव र प्रतीकमा श्रेष्ठ छन् । चित्रमा मुख सधैँ पार्श्व दृश्यमा हुन्छन् भने आँखा अगाडिबाट देखिने हुन्छन् । खुट्टाहरू तिर्यक, लामा चुच्चे नाक र ठूला आँखा भएका अनुहारले मङ्गोलियन प्रभाव निर्मित नदेखाई आर्य सन्ततिको बोध गराउनु यसको उत्कृष्टता मानिन्छ । आज-भोलि पनि मिथिलाका नारीहरू कुनै धार्मिक काम र उत्सवमा आफ्ना घर, भित्ता एवं आँगन चित्रहरू बनाउँछन्, बनाइएका चित्रहरू प्राचीन र मध्यकालीन चित्रहरूको जस्तै साधारण हुन्छन् तथा तत्कालीन समयको मिथिलाको पुरातन परम्परालाई जीवित रूपमा देखाउँछन् । मूल रूपमा यो कला नारी वर्गसँग सम्बद्ध छ । यो आश्चर्य तर सत्य हो कि पुरूष वर्गले अपवाद रूपमा नै कला साधनामा भाग लिएका छन् ।

मिथिलाको संस्कृति लोक वैदिक संस्कृति हो । यसको कला परम्परा लोक वैदिक संस्कृतिकै उपज हो, चित्रकला पुस्ताले अर्जित गरेको सम्पत्ति हो र युगानुरूप नयाँ आयाम थपिदै गएका छन् । विषय-वस्तु, रङ्गमा परिवर्तन आए पनि मौलिक संस्कार र प्रवृत्ति अझ पनि त्यसै रूपमा सुरक्षित छ । यस कलाको सांस्कृतिक महत्वसहितको इतिहास हर्षवर्द्धन (सन् ६०३-६४३ ) को समयमा रचित हर्षचरित र नैषद्ध चरित ग्रन्थहरुमा उल्लेखित ग्रहवर्मनको कोहवर भित्ति चित्रमा देवता र कामदेवको चित्र तथा अरिपनहरुको चर्चा पाइन्छ ।

कालिदासको महाकाव्य मेघदूतमा पनि काव्यका चरित्र नायक नवविवाहित यक्षको कोहवर घरको प्रवेश द्वारको भित्तिमा कमल शत्त का चित्र बनाएको उल्लेख छ । त्यतिखेर विवाहका लागि वरवधुको वरण गरेअनुसार वरको अनुपस्थितिमा वरको प्रतीक फलक (काठ/हाती दाँत) बनाएर पडाउने वा मगाएर हेर्ने र यज्ञ वरको चित्र राखेर विवाह गर्ने प्रचलन रहेको पनि तत्कालीन साहित्यमा चर्चा भएको पाइन्छ । यस कलाको प्रशंसात्मक चर्चा चौधौँ शताब्दीका विद्वान त्योतिरीश्वरले पनि वर्ण रत्नाकर नामक पुस्तकमा गरेका छन् तर यसको परम्परालाई हेर्ने हो भने अझ प्राचीन कालको हिन्दू सभ्यता र संस्कृतिको स्वर्णिम युगको इतिहासका पानालाई पल्टाउनु पर्ला जस्तो लाग्छ ।

डा. उपेन्द्र ठाकुरको 'हिस्ट्री अफ मिथिला' पुस्तकमा भगवान रामचन्द्रको विवाहमा पनि राजा जनकको दरबारमा भित्तीचित्रहरु बनाइएको उल्लेख छ । मिथिला चित्रकलामा सेतो रङ्ग अर्बा चामलको पीठो, सिन्दूरी रङ्ग सिन्दूर र बाख्रीको दूधको मिश्रण, नीलो रङ्ग वनस्पति नील, रातो रङ्ग कुसुम फूल, पीत रङ्ग डोका, घोंघाबाट चूनामा वरगदको दूध मिश्रण, हरियो रङ्ग सिमी वा बेलको पात र कालो रङ्ग जौका खरानी र गाईको गोबर वा बेलको गुंदको मिश्रणको चलन रहेकोमा वर्तमानमा रासायनिक रङ्गले प्रश्रय पाएको छ ।

प्राकृतिक रङ्गहरुमा स्थायीत्व हुन्छ भने रसायनिक रङ्गमा स्थायीत्वको अभाव देखिएको छ । प्राकृतिक रङ्गहरु घरैमा बनाउने चलन थियो । यसका विषयवस्तुहरूमा मुख्यतयाः लौकिक, पारलौकिक र प्रतीकात्मक पक्षहरूलाई समेटिएको पाइन्छ । लौकिक विषयवस्तु अन्तर्गत धार्मिक, सांस्कृतिक र काल्पनिक विषयवस्तुमा प्राकृतिक दृश्यहरू नदी, पहाड, बगैँचा, लहरा, कदम, कटहर, चरा, माङ्गलिक वस्तुहरूको साथै सजावटका विभिन्न चित्रहरू र पारलौकिकमा देवीदेवताका सुन्दर चित्रहरू पर्दछन् । प्रस्तुत शिव, विष्णु, लक्ष्मी, सरस्वती, रामसीता, राधाकृष्णका चित्रमा मानवीय भाव, स्नेह एवं ममताको प्रतीकात्मक अभिव्यक्तिको बोध गराउँछ ।

त्यस्तै प्रतीकात्मक विषयअन्तर्गत विभिन्न वनस्पति, प्राणीलगायत चराचुरूङ्गीको बाहुल्यता पाइन्छ । धार्मिक अनुष्ठान र लोकाचारमा आधारित यो कला जीवनको अभिन्न अङ्ग हो । यस कलामा समान्यतः सात किसिमको रङ्गको प्रयोग देखिन्छ । प्राकृतिक र घरेलु उपकरणबाट तयार गरिएको रङ्गले भिन्दा भिन्दै वस्तुहरूको भावलाई उजिल्याउने गरेको छ जो पुस्तौं पुस्तादेखि आमसमुदायमा स्थापित हुँदै आएको छ । पूजाआजा, चाडपर्व अन्य संस्कारहरू उपनयन, विवाह जस्ता अवसरमा कुन-कुन प्रतीकको प्रयोग गर्नेबारे एउटा परम्परा नै बसेको पाइन्छ । मिथिला चित्रकलामा लौकिक अन्तर्गत जीवन र प्रकृतिलाई आधार बनाई वस्तुसत्तात्मक र धारणात्मक प्रतीक परिलक्षित हुने गरेको छ ।



मिथिला चित्रकलामा प्रतीक संयोजन अत्यन्त कलात्मक रूपमा गरिएको पाइन्छ । कलामा संयोजन गरिएका हात्तीलाई शुभ, वैभव र नारी जातिको प्रतीकका रूपमा मानिएको छ भने घोडालाई सूर्य, बल र पुरूष जाति, गाईलाई पवित्रता र मातृत्वका प्रतीक मानिएको छ । त्यस्तै सुगालाई गुरू र मित्रता, माछालाई उत्पादनशक्ति र नारी जातिको प्रतीक मानिएको पाइन्छ । अन्य जीवजन्तुमा कछुवालाई विष्णु, पुरुष वर्ग र दीर्घायु, हाँसलाई सौन्दर्य तथा संसारका कठिनाई पार गर्दै जाने र ज्ञानका प्रतीक मानिएको छ भने युगल जोडी हाँसलाई प्रणय र सुखद् दाम्पत्य जीवनको सङ्केतका रूपमा लिइएको छ ।

कला मानव संस्कृतिको उपज भएकाले कला र संस्कृतिमा लोककलाको अनौठो संयाजन पाइन्छ । मिथिला चित्रकलामा मयुरलाई नृत्य, सौन्दर्य एवं प्रेमको निवेदक र अनारलाई सौन्दर्यको प्रतीक मानिन्छ । त्यस्तै कदमको फूललाई प्रेमको र कमल फूललाई कोमलता, अनुराग, सौन्दर्य, नारीको शरीरका साथै लक्ष्मीको सङ्केत प्रदान गरी वैभवलाई औंल्याएको हुन्छ । त्यस्तै बाँसलाई वंश वृद्धि र पुरूष जातिको प्रतीकका रूपमा मानी चित्रहरूमा अङ्कित गरिएको पाइन्छ ।

सरसता, समरसता एवं संवेदनशीलतासहितको यो प्रतीकात्मक परम्परा मैथिल संस्कृतिको एउटा यस्तो शिल्प हो जो मैथिलहरूको जीवनशैलीमा यसको दखल नङ-मासुजस्तो देखिन्छ । चित्र तथा मूर्ति बनाइएको घर शून्य हुँदैन भन्ने प्रचीन मान्यताका आधारमा चित्रका अलङ्कारिक अंशका गुणग्राहक तत्वलाई महत्व दिएर त्यसलाई आफ्नो संस्कृतिको आत्माका रूपमा चिरस्थायी बनाएको पाइन्छ । मैथिल संस्कृतिमा विवाहको चतुर्थीको विधि नहुन्जेलसम्मको भित्ते चित्र पनि रङ्गाउने गरिन्छ । यसमा केटाकेटी र घोडाको चित्रद्वारा प्रतीकात्मक रूपमा यौन शिक्षा प्रदान गर्ने जमर्को गरिएको हुन्छ । कोहबर घरका चित्रहरु प्रतीकात्मक अर्थमा सम्पूर्ण जविनचक्रको कथा नै हो ।

मिथिला लोक चित्रकलाले वंशगत शिल्पगत तथ्यअन्तर्गत संसार स्वर्गीय र मानवीय कुराको गठबन्धन जस्तो हो भन्ने भावभूमिमा प्रतीकात्मतालाई आत्मसात गर्दै समाजलाई एक सूत्रमा आबद्ध गर्ने द्योतकसमेत मानिएको छ । मैथिल महिला जुन हातले चित्र बनाउँछन् तिनीहरू तिनै हातले भित्तामा उस्तै कलाकृतिको पनि सिर्जना गर्दछन् । तिनै हातले सिकी, मोथी, मुञ्ज आदिका अनेक शिल्पी सामग्री पनि रङ्गीन चित्रावली समान रचना गर्दछन् । ती कलाहरूमा जीवन, प्रकृति र कल्पनालाई विषय वस्तुगत रूपमा संयोजित गर्दा कसैकसैले प्रकृतिको निरीक्षण गर्ने चेष्टा गरेका हुन्छन् भने कसैले जीवनको गतिशीलता र कसैले काल्पनिक भावनालाई गीतात्मक रूपमा संप्रेषण गर्न खोजेको पाइन्छ ।

मिथिला चित्रकलामा जानेर-नजानेर धार्मिक आस्थाका आधारमा वैज्ञानिक तथ्य पनि पर्याप्त छन् । देवीदेवता, सूर्य, चन्द्र, तारा, नवग्रह, पृथ्वी, सर्प, जलाशय, माछा, विच्छी आदिको धार्मिक महत्वसँगै वातावरणसँगसमेत सम्बन्धित छ । तिनीहरूको चित्र बनाएर पूजा गर्नु धार्मिक मान्यताअनुसार डरबाट मुक्ति र सुरक्षित रहनु पनि मानिन्छ । भित्ती र भूमिबाट कागत र कपडामा नियमित प्रयोजनमा सीमित मिथिला चित्रकला विश्वका सामुन्ने कला पारखी र प्रेमीलाई आनन्द दिन पनि सफल तथा लोकप्रिय भएको छ ।

मिथिला चित्रकलाले विदेशी कलाप्रेमीका पर्व र समारोहमा शुभकामना आदान प्रदान गरी जित्न सफल भएको पनि देखिन्छ । यसरी हजारौं वर्षदेखि मैथिल जनजीवनमा प्रतीक विधानद्वारा छाप छोड्दै आइरहेको मिथिला चित्रकलाका यी विशिष्ट चित्र शैलीहरु पनि आफ्नो रहस्यमयता र तान्त्रिक अर्थबोधको लागि निरन्तर अध्ययन शोधको विषयका रुपमा स्थापित भइसकेकाले यसलाई पाठ्यक्रममा राखी जीवन्त राख्नु पर्दछ । (लेखक पत्रकार तथा मैथिली साहित्यका जानकार हुनुहुन्छ)

# जेठो हिमालको आधार शिविर पूर्वाधारको प्रतीक्षामा

**सन्तोष गौतम**

अन्नपूर्ण प्रथम हिमाल आरोहणका हिसाबले विश्वको जेठो मानिन्छ । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ मा पर्ने यो हिमाल आठ हजार मिटरभन्दा अग्ला हिमालहरुमध्ये मानव पाइला परेको पहिलो हो । आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल फ्रान्सेली नागरिक मौरिज हर्जोगले सन् १९५० जुन ३ तारिकका दिन आरोहण गर्नुभएको थियो । अन्नपूर्ण प्रथम आरोहण भएको तीन वर्षपछि सगरमाथामा मानव पाइला परेको थियो । हर्जोगले अन्नपूर्ण नर्थ (उत्तरी) आधार शिविरबाट आरोहण शुरु गर्नुभएको थियो ।

म्याग्दी, कास्की, मनाङ र मुस्ताङ जिल्ला समेटेको अन्नपूर्ण हिमाल आरोहण गर्ने बाटो र आधार शिविर म्याग्दीको भूगोलमा पर्छ । हर्जोगले आठ हजार मिटरभन्दा अग्लो हिमालमा पहिलो पटक सफल आरोहण गरेर कीर्तिमान बनाएपछि फ्रान्सले तीन दिन राष्ट्रिय उत्सव मनाएको थियो । हर्गोजको अन्नपूर्ण आरोहणले नेपालको पर्वतारोहणको सम्भावना अन्तर्राष्ट्रियकरण भएको हो । विश्वमा हिमाल आरोहणको इतिहाससँग जोडिएको म्याग्दीको अन्नपूर्ण आधार शिविर पूर्वाधारको पर्खाइमा छन् ।

कास्कीको एबिसी क्याम्पलाई अन्नपूर्ण आधार शिविर बुझ्ने र त्यही अनुसारको प्रचार गरिनु पनि नर्थ अन्नपूर्ण आधार शिविर गुमनाम हुनुको कारण रहेको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो । उहाँका अनुसार खोज अनुसन्धान, पुर्वाधार र प्रचारप्रसारको कमीले ऐतिहासिक अन्नपूर्ण आधार शिविर ओझेलमा परेको हो । "सत्तरी वर्षअघि हर्जोगले इतिहास रचेको अन्नपूर्ण आधार शिविर र उनले प्रयोग गरेको पदमार्गको अहिले पहिचान भएको छ," अध्यक्ष पुनले भन्नुभयो "प्रकृतिको वरदान मौरिस हर्जोग पदमार्ग र अन्नपूर्ण आधार शिविरलाई व्यवस्थित गरेर पर्यटक भित्र्याउन पहल थालेका छौ ।"

पर्यटनविद् रामहरि लामिछाने अन्नपूर्ण आधार शिविरको प्राकृतिक सौन्दर्य, ऐतिहासिक, धार्मिक र पर्यटकीय विशेषताको प्रचारप्रसार र भौतिक पूर्वाधार निर्माणको काम एकैसाथ गर्नुपर्ने बताउनुहुन्छ । नारच्याङदेखि हुमखोलासम्म सडक र हुमखोलादेखि आधार शिविरसम्म आधारभूतस्तरको पदमार्ग तयार भएको छ । पदमार्गको स्तरोन्नति, खोलामा झोलुङ्गे पुल निर्माण, आश्रयस्थलको क्षमता विस्तार, खानेपानी, शौचालय, सञ्चार, विद्युत् सुविधा र सुरक्षाको व्यवस्थापन आवश्यकता देखिएको लामिछानेले बताउनुभयो ।

नारच्याङका तेज गुरुङको अगुवाइमा २०६८ सालमा अन्नपूर्ण हिमाल र आधार शिविर म्याग्दीमा पर्ने तथ्य तथा पदमार्ग पहिचान भएको थियो । सो पदमार्गलाई अन्नपूर्ण गाउँपालिकाले 'मौरिस हर्जोग' नामकरण गरेको छ । पदमार्गको प्रचारप्रसार गर्न प्रवेशबिन्दुमा पर्ने नारच्याङमा २०७७ सालमा गाउँपालिकाले अन्नपूर्ण पर्यटन महोत्वस आयोजना गरेको थियो ।

नारच्याङदेखि कुल ४२ किलोमिटरको दूरीमा रहेको नर्थ अन्नपूर्ण आधार शिविर पुग्नका लागि हुमखोलासम्म निलगिरिखोला जलविद्युत् आयोजनाले २० किलोमिटर सडकको मार्ग खोलेको छ । हुमखोलादेखि आधार शिविरसम्मको २२ किलोमिटर दूरीमा पदमार्ग निर्माण भएको छ । दुई दिनको पैदलयात्रामा पुगिने अन्नपूर्ण आधार शिविर पर्यटकका लागि 'भर्जिन' गन्तब्य भएको मौरिस हर्गोज पदमार्गका अभियन्ता गुरुङले बताउनुभयो ।

"हर्गोजले आरोहणका लागि आधार शिविर जान प्रयोग गरेको पदमार्गलाई पछ्याउँदै पदमार्ग तयार गरेका छौं," उहाँले भन्नुभयो, "अन्नपूर्ण र निलगिरि हिमालको फेदीबाट बग्ने मिस्त्रीखोलाको किनारैकिनार, अग्ला झरना, मनमोहक हिमशृ‌ंखला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै आधार शिविर पुग्न सकिन्छ ।"

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एकयाप) को सहयोगमा छोटेपा, हुमखोला, सम्धिखर्क, गुफाँफाँट, भुसकेत र आधार शिविरमा बीस/बीस जना क्षमताको आश्रयस्थल बनाइएको छ । पर्यटकको चाप बढेकाले आश्रयस्थल साँघुरो र असहज बनेको छ ।

वस्तीदेखि टाढा, होटल तथा लजको सुविधा नभएकाले आश्रय स्थलमा बस्ने गरेका छन् । खानेकुरा तयारी गरेर लैजानुपर्छ । चिसोका कारण पर्यटक बिरामी पर्ने जोखिम हुन्छ । केही दिनअघि अन्नपूर्ण आधार शिविर पुगेर फर्कनुभएका नेपाल सरकारका पूर्वमुख्य सचिव डा सोमलाल सुवेदीले आश्रयस्थलको क्षमता विस्तारसँगै खाने, बस्ने सुविधाका लागि होटल तथा लज बनाउनुपर्ने सुझाव दिनुभयो ।



"छिनछिनमा हुने मौसम परिवर्तन, विविधतायुक्त भूगोल र हावापानीसँगै आधार शिविरमा रहेको पञ्चकुण्ड तालले यात्राको दुःख भुलायो," उहाँले यात्राको अनुभव सुनाउनुभयो "छोटो यात्रा गरेर पुगिने नजिकको आधार शिविर हुनुले पनि यसको महत्व र सम्भावना धेरै छ । एकिकृत योजना बनाएर पूर्वाधार विस्तार गर्नुपर्छ ।"

पछिल्लो पाँच वर्षयता मौरिस हर्गोज पदमार्ग, झोलुङ्गे पुल, आश्रयस्थल, लगायतका पूर्वाधार बनाउन पर्यटन मन्त्रालयले रु. दुई करोड ८० लाख र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले रु. ४० लाखभन्दा बढी लगानी गरेका छन् । पदमार्ग निर्माण हुनुअघि मुस्ताङको ताक्लुङ हुँदै जङ्गल, भिर, पहराको जोखिमयुक्त बाटोमा करिब एक हप्ता पैदल हिँडेर अन्नपूर्ण आधार शिविर पुग्नुपर्दथ्यो ।

गत वसन्तयाममा अन्नपूर्ण प्रथम हिमाल आरोहण गरेका पाँच वटा समूहका ५४ जनाले रु. एक करोड चार लाख २६ हजार ४१० शुल्क तिरेका पर्यटन विभागको अभिलेखमा उल्लेख छ । शरद यामका लागि अन्नपूर्ण आरोहणका लागि कसैले अनुमति लिएका थिएनन् ।

गत कात्तिक महिनामा आन्तरिक पर्यटकहरु दैनिकजसो अन्नपूर्ण आधार शिविर पुगेका थिए । मंसिर महिनामा पनि दैनिकजसो पाँचदेखि १० जनाको अनुपातमा पर्यटक त्यहाँ गइरहेका वडा सदस्य भीम शेरपुञ्जाले बताउनुभयो । आधार शिविर जाने पर्यटकहरुको अभिलेख राख्ने गरिएको छैन् ।

हेलिकप्टरमार्फत सिधै आधार शिविर जाने पर्वतारोहीहरुलाई पदमार्गबाट जाने वातावरण बनाउन पर्यटन व्यससायीहरुसँग पहल गरिएको वडा सदस्य शेरपुञ्जाले बताउनुभयो । पदमार्ग खुलेपछि आरोही र पर्यटकका खाद्यान्न, बन्दोबस्तीका सामान भरियाले लैजान सजिलो र सस्तो हुने अपेक्षा गरिएको छ । गाउँपालिकाले पदमार्गको नक्सा तयार पारेको छ । नारच्याङको बेसी गाउँदेखि छोटेपा हुँदै हुमखोलासम्म निलगिरि जलविद्युत् आयोजनाले बनाएको सडक प्रयोग हुन्छ । हुमखोलादेखि एक दिनमा भुसकेत र अर्को दिन तीन घण्टा हिडेर आधार शिविर पुग्न सकिन्छ ।

फराकिलो फाँट भएकाले दुर्घटनाको जोखिम कम भएको अन्नपूर्ण आधार शिविरमा पुग्न सकिने यो पदमार्ग सबैभन्दा छोटो, रमणीय र सुरक्षित मानिएको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सदस्य जुद्धबहादुर गुरुङले बताउनुभयो । केही दिनअघि आधार शिविर पुगेर फर्कनुभएका राष्ट्रिय प्रकृति संरक्षण कोषका पूर्व सदस्यसचिव समेत रहेका गुरुङले हिमाल आरोहण मात्र नभएर झरना, ताल, हिमाल, वन्यजन्तु, वनस्पति पदमार्गको आकर्षण भएको बताउनुभयो ।

समुद्री सतहदेखि चार हजार ३०५ मिटर उचाइमा रहेको अन्नपूर्ण आधार शिविरको प्राकृतिक सौन्दर्ययुक्त दृष्य रमणीय र मनमोहक छ । पदयात्राका क्रममा हिमाल, अग्ला पहाडबाट खसेका झरना, हिमताल र विभिन्न वनस्पति, फूल, चराचुरुङ्गी, वन्यजन्तुको पनि अवलोकन गर्न सकिन्छ । अन्नपूर्ण आधार शिविरमा अन्नपूर्ण, फ्रेन्क, तिलीचो र निलगिरि हिमालको फेदीमा निलो रङ्ग र गोलो आकारको तलाउ छ । सुख्खा र उजाड पहाडको बीचमा रहेको तालमा हिमालको छायाँ हेर्न सकिन्छ । चिसो याममा तालको पानी जमेको छ । धेरै हिमालको चुचुरो एकै ठाउँबाट अवलोकन गर्न सकिन्छ ।

यो ताल करिब एक किलोमिटर लम्बाई र पाँच सय मिटर चौडाइमा फैलिएको छ । अन्नपूर्ण हिमालको हिउँ पग्लिएर आउने पानी सङ्कलन भएर प्राकृतिक हिमताल बनेको हो । रक्त, दुग्ध, ताम्र, शुद्ध, स्वर्ण गरी पाँच छुट्टाछुट्टै ताल छन् । तालको सौन्दर्यले मोहित र प्रफुल्लित बनाउने आन्तरिक पर्यटक सुकबहादुर गर्बुजाले बताउनुभयो । ताल र हिमाल हेरेपछि पदयात्राको दुःख कष्ट भुलाएको उहाँले अनुभव सुनाउनुभयो । पितृको सम्झनामा पिण्डदान गर्नाले पुण्य प्राप्त हुने विश्वास छ । ताललाई धार्मिक गन्तव्यको रुपमा विकास गराउन शिव मन्दिर र वौद्ध गुम्बा समेत निर्माण गरिएको छ । ताल नजिकैको काग भुसुन्डे डाडाको बारेमा हिन्दु धर्मग्रन्थ रामायणमा उल्लेख छ । रामायणमा कागभुसुन्डी नाम गरेका ऋषिले निलगिरि हिमालको फेदीको डाडामा ध्यान गरेको उल्लेख भएकाले यसको धार्मिक महत्व रहेको बताइएको छ ।

अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले अन्नपूर्ण आधार शिविर र मौसिज हर्गोज पदमार्गको एकिकृत विकासका लागि गुरुयोजना निर्माणको काम शुरु भएको जानकारी दिनुभयो । आधार शिविर र पदमार्गमा पूर्वाधार विस्तारसँगै प्रर्वद्धनका लागि गुरुयोजना बनाउन गाउँपालिकाले चालु आर्थिक वर्षमा रु. १५ लाख बजेट विनियोजन गरेको छ । गुरुयोजना तयार पारेर गाउँपालिका, सङ्घीय र प्रदेश सरकारले साझेदारी गरेर पूर्वाधार विस्तारको काम गर्ने लक्ष्य राखिएको छ ।

आधार शिविरको पर्यटन प्रर्वद्धनका लागि रु. १० लाख विनियोजन भएको छ । मौरिस हर्गोज पदमार्गलाई नै लक्षित गरेर पर्यटक गाइड तालिम सञ्चालन गर्न रु. १५ लाख बजेट विनियोजन भएको गाउँपालिकाका उपाध्यक्ष दिवा तिलिजा पुनले बताउनुभयो । यसै आर्थिक वर्षमा भुसकेत र आधार शिविरमा सामुदायिक लज सञ्चालनका लागि भवन बनाउने तयारी गरेको गाउँपालिकाले जनाएको छ । बाँसबोटमा पर्यटकको अभिलेख राख्ने र पदयात्रीलाई सहयोग गर्न पर्यटक सूचना केन्द्र स्थापना गर्न लागिएको छ ।

यसैगरी अन्नपूर्ण गाउँपालिकाले हिमाल, आरोहीले प्रयोग गर्ने आधार शिविर र मार्ग म्याग्दीको भूगोलमा पर्ने तथ्यसहित अन्नपूर्ण हिमालको रोयल्टी दाबी गरेको छ । अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा अन्नपूर्ण हिमालको रोयल्टी पाउनुपर्ने दाबी पेश गरिएको जानकारी दिनुभयो । "म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ को भूगोलमा पर्ने अन्नपूर्ण हिमालको रोयल्टी कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिकाले मात्र पाउने गरेको छ," उहाँले भन्नुभयो "म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले आफ्नै भूगोलमा भएको हिमालको रोयल्टीबाट बञ्चित भएकाले तथ्यसहित दाबी पेश गरिएको हो ।"

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले हिमाललगायत प्राकृतिक स्रोतबाट प्राप्त हुने सलामी दस्तुरलाई तीन तहको सरकारलाई बाँडफाट गर्दै आएको छ । १३ वर्षअघि अन्नपूर्ण प्रथम हिमाल म्याग्दीको भूगोलमा पर्ने तथ्य पहिचान भएपछि तत्कालीन जिल्ला विकास समितिको सभाले पनि रोयल्टी माग गरे पनि सम्बोधन भएको थिएन् । पछिल्लोपटक अन्नपूर्ण गाउँपालिकाले रोयल्टीको दाबी गरेपछि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष बालानन्द पौडेलसहितको टोलीले स्थलगत अध्ययन गरेको छ । "राज्य पुनःसंरचनाका क्रममा जिल्ला तहबाट भएको सिफारिस अनुसार यो गाउँपालिकाको नामकरण अन्नपूर्ण हिमालबाट भएको थियो," अध्यक्ष पौडेलले भन्नुभयो "राज्यका निकायहरुबाट प्राप्त तथ्याङ्कहरुको आधारमा रोयल्टीको बाँडफाँट हुने गर्छ । हामीले प्रयोग गरेका तथ्याङ्कमा समस्या रहेछ भने त्यसलाई सच्चाउन सकिन्छ ।"

# किसानलाई मूल्य श्रृखलामा काम गर्न अध्यक्ष ओलीको सल्लाह

धनकुटा । पूर्वप्रधानमन्त्री तथा नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले पारम्परिक कृषिलाई प्रविधि र मूल्य श्रृखलामा सँग जोडेर काम गरे बजारको अभाव नहुने सुझाव दिनुभएको छ । बैतडीको चिवाघाटबाट पाँचथरसम्मको सङ्कल्प यात्राका क्रममा मध्यपहाडी लोकमार्गबाट भोजपुर हुँदै धनकुटा आइपुग्नुभएका अध्यक्ष ओलीले यस्तो सुझाव दिनुभएको हो। यात्राका क्रममा पाख्रिबास नगपालिका आइपुग्नुभएका ओलीले नगरमा रहेको प्राकृतिक स्रोत व्यवस्थापन क्याम्पसका विद्यार्थीसँग अन्तर्क्रिया गर्नुभएको थियो।




नेकपा एमाले जिल्ला कमिटी धनकुटाले आयोजना गरेको सो कार्यक्रममा धनकुटाको कृषि क्षेत्रको समस्या र अवस्थाका बारेमा क्याम्पसका प्रमुख निराजन भण्डारीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यपत्रमा भण्डारीले धनकुटाको कृषि तथा दुग्धजन्य बजारले भार तसँग प्रतिष्पर्धा गर्न नसकेकाले भारतीय कृषि उपज बन्द गर्न मागसमेत गर्नुभएको थियो।

सागलाई गुन्द्रक बनाएर महँगोमा बेच्न सकिने आधार दिँदै अध्यक्ष ओलीले अन्य कृषि उपजलाई पनि बजारको मागअनुसार तयारी गरेर बेच्न सुझाव दिनुभयो। त्यसका लागि राज्यले वास्तविक किसानलाई पहिचान गरेर अनुदान दिने र कृषिलाई प्रविधिसँग जोडेर लानुपर्ने उहाँको भनाइ थियो । “पढेर पासपोर्ट बनाएर विदेश होइन, यहीँ केही गर्नू। टिपेर ल्याउन विदेशमा सुन फलेको छैन”, उहाँले भन्नुभयो, “अलि ढिलो होला तर दुःख गरे यहीँ धनी हुन सकिन्छ ।”

बिहीबार भोजपुरबाट महालक्ष्मी नगरपालिकाको लेगुवा बजारबाट सुरु भएको सङ्कल्प यात्रा पाख्रिबास नगरपालिकाको पाख्रिबास बजार, धनकुटा नगरपालिकाको हिले बजार, छथर जोरपाटी गाउँपालिकाको सिँधुवा बजार हुँदै टोली तेहथुमको वसन्तपुर पुगेर आमसभामा सहभागी हुने एमाले धनकुटा जिल्ला कमिटीका अध्यक्ष इन्द्रमणि पराजुलीले राससलाई जानकारी दिनुभयो।

**करुवा व्यवसायीका समस्या बुझ्दै एमाले अध्यक्ष ओली**

टक्सार । भोजपुर नगरपालिकाका उपप्रमुख निर्मला शेर्पाले नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीलाई जिल्ला सदरमुकाममा आयोजित जनभेटघाट कार्यक्रममा भोजपुरको टक्सारमा बनेको करुवा उपहार दिनुभएको छ। उपप्रमुख शेर्पाले करिब चार महिना लगाएर बनेको छ किलोको करुवा पार्टी अध्यक्ष ओलीलाई दिनुभएको हो। करुवा लिँदै खुशी देखिनुभएका अध्यक्ष ओली आजै बिहानै भोजपुरको धातु व्यवसायका लागि चर्चित मानिएको ऐतिहासिक टक्सार बजार पुग्नुभयो। उहाँले धातु व्यवसाय सञ्चालनमा देखिएको समस्याका बारेमा समेत जिज्ञासा राख्नुभएको थियो । टक्सारबाट धातु व्यवसायी विस्थापित हुने क्रम बढिरहेको अवस्थामा यहाँ केही मात्र व्यवसायीको अहिले बसोबास रहँदै आएको छ।

उहाँले टक्सार बजारका पुराना धातु व्यवसायी बुद्धराज शाक्यसँग भेटेर व्यवसायका बिषयमा कुरा गर्नुभयो । शाक्यसँग भेटेपछि अध्यक्ष ओलीले भन्नुभयो, “मैले भोजपुरमा उपहार पाएको करुवा पनि उहाँले नै बनाउनुभएको रहेछ, यस पेशाका समस्याबारे मैले बुद्धराजजीसँग कुरा गरें।”

व्यवसायी शाक्यले कांसका थोत्रा समान पगालेर विभिन्न नयाँ समान बनाउनुहुन्छ। करुवा, कलश, कचौरा, गाग्री लगायतका सामान आफुले बनाउँदै आएको उहाँले बताउनुभयो । देशका पूर्वप्रधानमन्त्री नै आएर व्यवसायका विषयमा चासो राख्दा आफुमा पनि खुशी छाएको शाक्यले बताउनुभयो । मङ्सिर १४ गतेदेखि बैतडीको झुलाघाटबाट सुरु भएको समृद्धिका लागि संकल्प यात्राका क्रममा भोजपुर आउनुभएका ओलीले ऐतिहासिक टक्सार बजारका बिषयमा चासो राख्नु भएको हो।

टक्सारमा निर्मित करुवा, तामाको भाँडा, गाग्रो, कांसको थाल, लोटा, आमखोरा, अन्टी, ग्लास, कचौरा, डबका नेपाल भित्र मात्र नभएर विदेशमा समेत प्रसिद्ध रहेका छन् । यतिबेला ती बनाउने कालिगढ विस्थापित भएका छन्। ऐतिहासिक कलामा पोख्त कालिगढ पलायन भएपछि मूर्तिकला र हस्तकलाको उद्योग पनि लोप भएको छ।

“कालिगढको अभावसँगै कच्चा पदार्थको अभावमा धातु उद्योग फस्टाउन सकेको छैन, स्थानीय स्तरमा खानी सञ्चालन नभएकाले तराईबाट आवश्यक कच्चा पदार्थ र कोइला ढुवानी गर्दा महङ्गो समेत हुने भएकाले पनि टक्सारबाट कालिगढ विस्थापन हुने क्रम बढेको छ”, स्थानीय विमल शाक्यले भन्नुभयो। रासस

## ओलीलाई मुक्काले हान्ने प्रयास

**टुडे समाचारदाता**

विराटनगर। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई आक्रमण गर्ने महेश राईलाई प्रहरीले रोक्न खोज्दाखोज्दै भीडमा पसेको खुलेको छ। कोशी प्रदेशका प्रहरी प्रमुख डीआईजी राजेशनाथ बाँस्तोलाका अनुसार उनलाई शंका लागेर सुरक्षामा खटिएका प्रहरीले फूलमाला लगाउने लाइनमा जानबाट रोक्न खोजेका थिए । तर, एमाले कार्यकर्ताकै सहयोग लिएर स्वागत गर्ने लाइनमा पुगेका उनले अध्यक्ष ओलीको टाउकोमा मुड्की हान्ने प्रयास गरेका हुन् ।

‘हाम्रा साथीहरुले रोक्न खोजेका रहेछन् । तर, एमालेकै कार्यकर्ताहरुको सहयोग लिएर लाइनमा छिरेको थाहा भएको छ,’ डीआईजी बाँस्तोलाले भने । उनले आक्रमणकारी राईले मादक पदार्थ सेवन गरेको पनि खुलेको जानकारी दिए । संकल्प यात्राका क्रममा धनकुटाको लेगुवा पुगेका ओलीमाथि बिहीबार आक्रमण भएको हो । मध्यपहाडी संकल्प यात्राको क्रममा भोजपुरबाट धनकुटा प्रवेश गर्ने क्रममा फूलमाला र अविरले स्वागत गर्ने लाइनमा बसेका महेशले ओलीलाई आक्रमण गरेको प्रहरीले जनाएको छ।

आक्रमण लगत्तै एमाले कार्यकर्ताले उनलाई कुटपिट गरेका थिए । महालक्ष्मी-५ धनकुटाका महेश राई पहिचानवादी संघ संगठनको कुनै जिम्मेवारीमा भने नरहेको प्रहरीले जनाएको छ । प्रहरीले उनलाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको छ।

# जनताले अनुभव गर्नेगरी काम गर्न मन्त्री र सचिवहरूलाई प्रधानमन्त्रीको निर्देशन

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले जनताले महसुस गर्नेगरी स्पष्ट नीति तथा कार्यक्रमसहित परिणाममुखी कार्ययोजना कार्यान्वयन गर्न मन्त्रिपरिषद्का सदस्य एवं विशिष्ट श्रेणीका कर्मचारीहरूलाई निर्देशन दिनुभएको छ।



प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बिहीबार आयोजित आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको चौमासिक समीक्षा बैठकमा प्रधानमन्त्री दाहालले जनताले अनुभूत गर्नेगरी काम गर्न निर्देशन दिनुभएको हो।

आव २०७९/८० को प्रथम चौमासिकको तुलनामा चालु आवको सोही अवधिमा देशको समग्र अर्थतन्त्र विकास निर्माणसँग सम्बन्धित सूचकहरू सकारात्मक देखिए पनि सन्तोष गर्ने ठाउँ नभएको उल्लेख गर्दै उहाँले एकअर्काका कमी-कमजोरी देखाउनुभन्दा पारस्परिक समन्वय र सहकार्यका आधारमा देश र जनताका पक्षमा काम गर्नुपर्नेमा जोड दिनुभयो।

प्रधानमन्त्रीले भन्नुभयो, “मेरो नेतृत्वमा गठन भएको सरकारको एकवर्षे कार्यकाल पूरा हुने चरणमा छ, यस अवधिमा अपेक्षा गरिएअनुसारका काम हुनसकेका छैनन्, अब चौमासिक नभई वार्षिक कार्यक्रम, कार्ययोजना र उपलब्धिलाई वस्तुनिष्ठ समीक्षा गर्दै यसबीचमा भएका कमजोरी र सबल पक्षलाई चिरफार गरी जनताले अनुभूत गर्नेगरी काम गर्न सबैसँग अपिल गर्दछु।”

गत साउनमा प्रतिबद्धता गरेअनुसारको परिणाम दिन केही मन्त्रालय असमर्थ भएकामा त्यसप्रति असन्तुष्टि जनाउँदै प्रधानमन्त्रीले निश्चित कार्यअवधिभित्र तोकिएको लक्ष्य पूरा नगर्नेलाई जिम्मेवारीबाट हटाउनुबाहेक आफूसँग अर्को विकल्प नरहेको चेतावनी दिनुभयो। उहाँले अर्को समीक्षा बैठकमा कार्ययोजनासहित प्रस्तुत हुन सबैलाई निर्देशन दिनुभयो।

बैठकमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजाल र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले मौजुदा सार्वजनिक खरिद ऐन, पर्याप्त बजेट र जनशक्तिसहित आवश्यक समन्वय र सहकार्यको अभावलगायत विविध समस्याका कारण नीति तथा कार्यक्रम कार्यान्वयनमा समस्या आएको बताउनुभयो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव गणेश पाण्डेले चौमासिक प्रगति विवरण पेस गर्नुभएको थियो। रासस

## ओहोदाको प्रमाणपत्र प्रस्तुत



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष श्रीलङ्का, पनामा र बेल्जियमका राजदूतहरूले ओहोदाको प्रमाणपत्र प्रस्तुत गर्नुभएको छ।

राष्ट्रपति भवनमा आज बेग्ला-बेग्लै आयोजित विशेष समारोहमा उहाँहरूले आ-आफ्नो ओहोदाको प्रमाणपत्र प्रस्तुत गर्नुभएको हो । राष्ट्रपतिसमक्ष प्रजातान्त्रिक समाजवादी गणतन्त्र श्रीलङ्काका आवासीय राजदूत सुधार्सना के पथीराना, गणतन्त्र पनामाका गैरआवासीय राजदूत यसेल एलानिस बुलियो रिभेरा र बेल्जियम अधिराज्यका गैरआवासीय राजदूत डिडेर आना एल भान्डेरसेल्टले ओहोदाको प्रमाणपत्र प्रस्तुत गर्नुभएको राष्ट्रपतिको कार्यालयले जनाएको छ।

ओहोदाको प्रमाणपत्र प्रस्तुतिका निम्ति आयोजित विशेष समारोहमा नेपालका सरकारका उच्च पदस्थ अधिकारीहरूको उपस्थिति थियो । त्यसअघि नवनियुक्त राजदूतहरूलाई लाजिम्पाटस्थित होटल र्याडिसनदेखि राष्ट्रपति भवनसम्म रिसल्लासहितको बग्गीमा सवार गराइएको थियो।

## परराष्ट्र सचिवमा सेवा लम्साल

काठमाण्डु। सरकारले परराष्ट्र सचिवमा वरिष्ठ सहसचिव सेवा लम्साललाई बढुवा गरेको छ। मन्त्रिपरिषद्को बिहीबारको बैठकले उहाँलाई उक्त पदमा बढुवा गर्ने निर्णय गरेको हो। उक्त पदको जिम्मेवारी पाउने उहाँ पहिलो महिला हुनुभएको छ।

सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माका अनुसार बैठकले नेपाली सेनाका उपरथी अशोकराज सिग्देललाई रथी पदमा बढुवा गर्ने निर्णय गरेको छ।

साथै, बैठकले विद्युत् खपत वृद्धि तथा खनिज इन्धन न्यूनीकरणसम्बन्धी कार्ययोजना, २०८० स्वीकृत गर्ने निर्णय गरेको छ। रासस

## अर्थतन्त्रका सूचकमा सुधार हुँदै गएको छ : अर्थमन्त्री डा महत

पाटन । अर्थमन्त्री डा प्रकाशशरण महतले अर्थतन्त्रका सूचकहरुमा सुधार हुँदै गएको जानकारी गराउनु भएको छ।

नेपाल ट्रेड युनियन कांग्रेसद्वारा विहीबार ललितपुरमा आयोजित औद्योगिक नीति तथा श्रम सम्बन्ध विषयक कार्यक्रममा उहाँले पर्यटकहरुको वृद्धि हुँदै गएको, बैंक तथा वित्तीय संस्थाहरुको ब्याजदर घट्दै गएको, रेमिट्यान्स बढ्दै गएको जानकारी गराउँदै अहिले अर्थतन्त्रका सबै सुचकहरुमा सुधार हुँदै गएको बताउनुभएको हो।

“अहिले अर्थतन्त्रका सूचकहरुमा सुधार हुँदै गएको छ, पर्यटकको वृद्धि हुँदै गएको छ, ब्याजदर घट्दै छ, रेमिट्यान्स पनि बढ्दैछ, हामीले छलफल गरेर मौद्रिक नीतिमा पनि केही लचिलो बनाउन प्रयत्न गरेका छौं, विस्तारै उद्योग व्यवसाय पनि सबल बन्दै जानेछ, श्रमिकको माग पनि वृद्धि हुँदै जाने छ, श्रमिकहरु विस्थापित हुने अवस्था अन्त्य हुनेछ”, अर्थमन्त्री महतले भन्नुभयो, “नेपालको अर्थतन्त्र समस्यामा थियो, अहिले हामी हटाउन लागेका छौं।”

उहाँले बेरोजगारहरुलाई पनि रोजगारको अवसर सिजना गर्न ट्रेड युनियनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले श्रमिक र उद्योग व्यवसायीबीच निरन्तर वार्ता तथा सम्वादमार्फत एकअर्कालाई बुझ्नुपर्ने र सम्बन्धलाई सुमधुर बनाउनु पर्ने धारणा राख्नुभयो । उहाँले सरकारले नेपालमा लगानी भित्र्याउनका लागि आगामी वैशाखमा लगानी सम्मेलन गरिने बताउनुभयो।

डा महतले बाहिरबाट आयात हुने सामानको तुलनामा नेपालमा उत्पादन हुने औद्योगिक सामानको लागत कम गर्न नसकिएको उल्लेख गर्दै सक्रिय श्रमिकहरुको क्षमतालाई प्रोत्साहन गर्न पनि नसकिएको धारणा राख्नुभयो । उहाँले उत्पादकत्व कम हुँदा समयसापेक्ष श्रमिकको पारिश्रमिक बढ्न नसकेको धारणा व्यक्त गर्नुभयो।

“उत्पादकत्व बढाउने हाम्रो चुनौती छ, यसका लागि पूर्वाधारको विकास आवश्यक छ”, उहाँले भन्नुभयो । उहाँले सरकारको प्राथमिकता पूर्वाधार विकासमा रहेको बताउनुभयो । उहाँले यातायातको लागत कम गर्न र




कामदारहरुको ज्ञान तथा क्षमताको सही उपयोग हुन आवश्यक रहेकामा जोड दिँदै लागत कम गर्ने कुरामा उद्योगी व्यवसायीले नयाँ प्रविधि उपयोग गर्नुपर्ने र श्रमिकका सङ्गठनहरुले पनि श्रमिकको क्षमता अभिवृद्धिमा लाग्नुपर्नेमा ध्यानाकर्षण गराउनुभयो।

श्रमिकका अधिकारका कुरामा हस्ताक्षर गर्नेमा नेपाल अगाडि नै रहेको उल्लेख गर्दै अर्थमन्त्री महतले कतिपय कुरा पूरा गर्न स्रोतको सुनिश्चितता हुन नसक्दा समस्या भएको बताउनुभयो।रासस

# ‘आर्थिक विकासका लागि सरकार क्रियाशील’

नुवाकोट । अर्थमन्त्री डा प्रकाशशरण महतले स्थानीय मौलिक पहिचान, संस्कृति र अवसरको उपयोगमार्फत मुलुकलाई आर्थिक रुपमा सुदृढ बनाउन सकिने बताउनुभएको छ । नुवाकोटको लिखु गाउँपालिकास्थित ढिकुरे बजारमा आजदेखि सुरु भएको ‘प्रथम नुवाकोट खेलकुद तथा बृहत् सांस्कृतिक महोत्सव-२०८०’ को उद्घाटन समारोहलाई सम्बोधन गर्दै अर्थमन्त्री महतले स्वदेशको कला, संस्कृति, प्राकृतिक स्रोत तथा स्थानीय साधनको उपयोगमार्फत मुलुकको अर्थतन्त्र बलियो बनाउन सकिने बताउनुभएको हो।

“रोजगारीको सृजनासहित शिक्षाको गुणस्तर र स्वास्थ्य सेवा सुधारको लागि यहाँकै शैली र सभ्यताको संरक्षण गर्नुपर्छ।” उहाँले भन्नुभयो, “दोस्रो विश्वयुद्धपछि जापानले जसरी आफ्नै मौलिक परम्परालाई जोगाएर विकासमा चमत्कार गऱ्यो, अब हामीले त्यस्तै शैली अपनाउनुपर्छ।”

पछिल्लो समयमा मेला-महोत्सव स्थानीय उत्पादनको प्रवर्द्धन, प्रचारप्रसार र उपभोगमा केन्द्रित गराउनुको सट्टा भड्किलो हुँदै गएको भन्दै त्यसबाट सचेत रहन उहाँले ध्यानाकर्षण गराउनुभयो । बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिंह लामाले खेलकुद र संस्कृतिलाई लक्षित गर्दै सुरु भएको महोत्सवलाई आगामी दिनमा प्रदेशस्तरीय बनाएर सञ्चालन गर्न सहयोग पुऱ्याउने प्रतिबद्धता जनाउनुभयो । लिखु गाउँपालिका संरक्षण तथा न्यू ढिकुरे युवा क्लब र पिप्ले युवा क्लबको सयुक्त आयोजनामा आजदेखि सुरु भएको महोत्सव आगामी पुस १० गतेसम्म चल्ने छ। मेला व्यवस्थापक हरिहर पाण्डेका अनुसार महोत्सवमा खेलकुद र संस्कृतिसँग सम्बन्धित सामग्रीको प्रदर्शनी तथा ब्यापारको लागी एक सय कक्ष राखिएको छ।

**अर्थतन्त्रका सूचकमा सुधार हुँदै गएको छ : अर्थमन्त्री डा महत**

पाटन। अर्थमन्त्री डा प्रकाशशरण महतले अर्थतन्त्रका सूचकहरुमा सुधार हुँदै गएको जानकारी गराउनु भएको छ। नेपाल ट्रेड युनियन कांग्रेसद्वारा बिहीबार ललितपुरमा आयोजित औद्योगिक नीति तथा श्रम सम्बन्ध विषयक कार्यक्रममा उहाँले पर्यटकहरुको वृद्धि हुँदै गएको, बैंक तथा वित्तीय संस्थाहरुको ब्याजदर घट्दै गएको, रेमिट्यान्स बढ्दै गएको जानकारी गराउँदै अहिले अर्थतन्त्रका सबै सुचकहरुमा सुधार हुँदै गएको बताउनुभएको हो।

“अहिले अर्थतन्त्रका सूचकहरुमा सुधार हुँदै गएको छ, पर्यटकको वृद्धि हुँदै गएको छ, ब्याजदर घट्दै छ, रेमिट्यान्स पनि बढ्दैछ, हामीले छलफल गरेर मौद्रिक नीतिमा पनि केही लचिलो बनाउन प्रयत्न गरेका छौं, विस्तारै उद्योग व्यवसाय पनि सबल बन्दै जानेछ, श्रमिकको माग पनि वृद्धि हुँदै जाने छ, श्रमिकहरु विस्थापित हुने अवस्था अन्त्य हुनेछ”, अर्थमन्त्री महतले भन्नुभयो, “नेपालको अर्थतन्त्र समस्यामा थियो, अहिले हामी हटाउन लागेका छौं।”

उहाँले बेरोजगारहरुलाई पनि रोजगारको अवसर सिजना गर्न ट्रेड युनियनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले श्रमिक र उद्योग व्यवसायीबीच निरन्तर वार्ता तथा सम्वादमार्फत एकअर्कालाई बुझ्नुपर्ने र सम्बन्धलाई सुमधुर बनाउनु पर्ने धारणा राख्नुभयो । उहाँले सरकारले नेपालमा लगानी भित्र्याउनका लागि आगामी वैशाखमा लगानी सम्मेलन गरिने बताउनुभयो।

डा महतले बाहिरबाट आयात हुने सामानको तुलनामा नेपालमा उत्पादन हुने औद्योगिक सामानको लागत कम गर्न नसकिएको उल्लेख गर्दै सक्रिय श्रमिकहरुको क्षमतालाई प्रोत्साहन गर्न पनि नसकिएको धारणा राख्नुभयो। उहाँले उत्पादकत्व कम हुँदा समयसापेक्ष श्रमिकको पारिश्रमिक बढ्न नसकेको धारणा व्यक्त गर्नुभयो। “उत्पादकत्व बढाउने हाम्रो चुनौती छ, यसका लागि पूर्वाधारको विकास आवश्यक छ”, उहाँले भन्नुभयो। उहाँले सरकारको प्राथमिकता पूर्वाधार विकासमा रहेको बताउनुभयो।


## श्री प्रसाद सिंह माध्यमिक (०-१२) विद्यालय औरही नैनीगौरी

औरही न.पा.-२, महोत्तरी

### बोलपत्र स्वीकृति गर्ने आशयको सुचना

प्रकाशित मिति : २०८०।०८।२९

यस श्री प्रसाद सिंह मा.वि.औरही नैनीगौरी औरही न.पा.२, महोत्तरीले तपसिलमा उल्लेखित कार्यको लागि मिति २०८०।०६।२२ र २०८०।०८।१५ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिका र PPMO website www.bolpatra.gov.np.मा प्रकाशित सूचना अनुसार रीत्तपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये देहाय अनुसारको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको हुदाँ सार्वजनीक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

तपसील :

| सि.नं. | विवरण | योजनाको नाम | छनोट भएको बोलपत्र | स्वीकृत रकम रु. (मु.अ.कर र P.S. सहित) |
|---|---|---|---|---|
| १ | SPS/WORKS/ NCB/080/081-01 | Construction of Administration Block 'C' for Shree Prasad Singh Ma. Bi. Aurahi Naini Gauri School | Dev Bishnu Construction & Suppliers Pvt.Ltd Bardibas-8, Mahottari | 2,22,90,639.39 |

प्रधानाध्यापक

# सन् २०२३ मा काममा मारिने पत्रकारको संख्या घट्यो

**एएफपी**

पेरिस । पछिल्लो दुई महिनामा गाजामा पत्रकारहरूको मृत्यु भए पनि यो वर्ष कामका क्रममा मारिने पत्रकारहरूको सङ्ख्यामा कमी आएको मिडिया वकालत समूह रिपोर्टर्स विदाउट बोडर्स (आरएसएफ) ले बिहीबार बताएको छ।



आरएसएफको वार्षिक प्रतिवेदनअनुसार सन् २०२३ को पहिलो ११ महिनामा कामका क्रममा ४५ पत्रकार मारिएका छन् । यो आँकडा गत वर्ष ६१ थियो । ल्याटिन अमेरिकामा आएको ठूलो गिरावटका कारण सन् २००२ मा ३३ पत्रकारको मृत्युपछि यो वर्ष सबैभन्दा कम पत्रकार मारिएका छन् । अक्टोबर ७ मा इजराइल र इस्लामिक लडाकू समूह हमासबीच युद्ध सुरु भएपछि मध्यपूर्वमा करिब ६३ पत्रकार मारिएका छन् तर तीमध्ये १७ जना मात्रै आरएसएफको परिभाषामा परेका छन् ।

आरएसएफका महासचिव क्रिस्टोफर डेलोयरले एएफपीलाई भन्नुभयो, "यसले गाजा क्षेत्रको त्रासदीबाट टाढा राख्दैन तर हामीले नियमितरूपमा गिरावट देखिरहेका छौँ, सिरिया र इराकमा युद्धका कारण सन् २०१२ मा र फेरि सन् २०१३ मा मारिएका एक सय ४० पत्रकारहरूको तुलनामा यो धेरै टाढा छ ।"उहाँका अनुसार यो गिरावट अन्तर-सरकारी सङ्गठनहरू र गैरसरकारी सङ्गठनहरूले दण्डहीनताविरुद्ध लड्ने प्रयासहरूका साथै स्वयं पत्रकार हरूले पुर्याएको अधिक ' विवेकशीलता' का कारण भएको हो।

आरएसएफका अनुसार अक्टोबर ७ पछि मध्यपूर्वमा आफ्नो पेशा निर्वाह गर्ने क्रममा मारिएका १७ पत्रकारमध्ये १३ गाजामा इजराइली हमलामा मारिएका छन् भने तीन लेबनानमा र एक जना हमासद्वारा इजराइलमा मारिएका छन् । आरएसएफले यी मृत्युलाई लिएर 'युद्ध अपराध' का लागि अन्तर्राष्ट्रिय फौजदारी अदालतमा उजुरी दायर गरिएको नोभेम्बरमा बताएको थियो ।

अक्टोबर १३ मा रोयटर्सका क्यामेरामेन इस्साम अब्दुल्लाहको हत्या गर्न र एएफपीका फोटोग्राफर क्रिस्टिना एसीसहित अन्य छ जनालाई घाइते बनाउन इजराइली ट्याङ्कको हमला जिम्मेबार रहेको आफ्नो अनुसन्धानबाट थाहा भएको एएफपीले गत साता बताएको थियो।

पत्रकारहरू दक्षिणी लेबनानमा 'सक्रिय युद्ध क्षेत्र' मा रहेको इजराइली सेनाका एक पत्रकारले बताएका छन् तर महासचिव डेलोयरले प्रवक्ताको जवाफ 'सन्तोषजनक' नभएको बताउनुभयो । युक्रेनमा युद्धका कारण सन् २०२३ मा दुई पत्रकारको ज्यान गएको छ । आरएसएफले भनेको छ, "मारिनेमा एक एएफपीका रिपोर्टर अरमान सोल्डिन थिए, उनी आफ्नै देशबाहिर ज्यान गुमाउने एकमात्र रिपोर्टर हुन् ।" सन् २०२२ मा द्वन्द्व सुरु भएपछि युक्रेन युद्धमा कूल ११ पत्रकार मारिएका छन् ।

**ल्याटिन अमेरिकामा गिरावट**

ल्याटिन अमेरिकामा मारिने पत्रकारहरूको सङ्ख्यामा तीव्र कमी आएको छ । त्यहाँ छ पत्रकारको हत्या भएको छ । सन् २०२२ मा २६ पत्रकार मारिएका थिए । मेक्सिकोमा मात्र यो सङ्ख्या गत वर्षको ११ बाट घटेर चारमा आएको छ । लगातार अपहरण र हमला भएको भन्दै आरएसएफले मेक्सिको पत्रकारहरूका लागि खतरनाक बनेको चेतावनी दिएको छ । विश्वभरमा बेपत्ता भएका ८४ पत्रकारमा करिब एक तिहाइ मेक्सिकाली रहेका छन् ।

सन् २०२२ मा कारागारमा रहेका पत्रकारहरूको सङ्ख्या पाँच सय ६९ बाट घटेर पाँच सय २१ भएको छ । चीन र म्यान्मापछि बेलारुस 'विश्वका तीन सबैभन्दा ठूला कारागारमध्ये एक' का रूपमा सामेल भएको छ । टर्कीए र इरानले बारम्बार पत्रकार हरूलाई कारागारमा हाल्ने गरेको प्रतिवेदनमा उल्लेख छ। कूल ५४ पत्रकारलाई बन्धक बनाइएको छ। यो सङ्ख्या सन् २०२२ मा ६५ थियो।

# विद्युत् बजारमा सुधारका लागि इयुले गर्यो सम्झौता

**एएफपी**

ब्रसेल्स । युरोपेली युनियन (इयु) ले जीवाश्म इन्धनमाथि निर्भरता कम गर्न र उपभोक्ता मूल्यहरूलाई स्थिर राख्न इयुको विद्युत् बजारमा सुधारका लागि बिहीबार एउटा सम्झौता गरेको इयु परिषद्ले एक विज्ञप्तिमा जनाएको छ।

"आज परिषद् र संसद्ले इयुको विद्युत् बजार डिजाइन (इएमडी) मा सुधारका लागि अस्थायी सम्झौता गरेका छन्", हाल स्पेनको अध्यक्षता रहेको इयु परिषद्का अध्यक्षद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "सुधारले विद्युत्को मूल्यलाई अस्थिर जीवाश्म इन्धनको मूल्यहरूमा कम निर्भर बनाउने, उपभोक्ताहरूलाई मूल्य वृद्धिबाट बचाउने, नवीकरणीय ऊर्जा र परिचालनमा तीव्रता ल्याउने र उपभोक्ता संरक्षणमा सुधार गर्ने लक्ष्य राखेको छ ।"इयुका योजनाहरूको उद्देश्य बजारको अस्थिरतालाई कम संवेदनशील बनाउनु हो । यसलाई गत वर्ष उपभोक्ता र व्यवसायहरूका लागि ऊर्जाको मूल्यमा वृद्धि गर्ने युक्रेनमाथि रुसी आक्रमणको प्रतिक्रियाका रूपमा हेरिएको छ।

"यो सम्झौता राम्रो समाचार हो किनकि यसबाट हामी रुसी ग्यासमाथि इयुको निर्भरता अझ कम गर्न र हरितगृह ग्यास उत्सर्जनमा कटौतीका लागि जीवाश्मरहित ऊर्जाको प्रवर्द्धन गर्न सहयोग पुग्नेछ", स्पेनका ऊर्जामन्त्री टेरेसा रिबेराले भन्नुभयो।

उक्त सम्झौता इयु परिषद् र संसद् दुवैबाट अनुमोदन हुनुपर्नेछ । व्यापक सुधारहरूको एउटा भागका रूपमा उक्त सम्झौतामा एउटा नियम पनि समावेश गरिएको छ जसले बढ्दो अनुगमन र पारदर्शितामार्फत बजार हेरफेरविरुद्ध इयुको सुरक्षामा सुधार गर्नेछ । यसलाई रेमिट (आरइएमआइटी) का रूपमा पनि जानिन्छ । नोभेम्बर १६ मा इयुका २७ सदस्य मुलुकले रेमिटमा अस्थायी सम्झौता गरेका थिए।

बिहीबारको सम्झौताले सदस्य राष्ट्रहरूको डिकार्बोनाइजेसन योजनाहरूअनुरूप नयाँ नवीकरणीय उत्पादनको अधिग्रहणलाई 'विशेषरूपमा समर्थन गर्नेसम्भावना' रहेको विज्ञप्तिमा उल्लेख छ । सम्झौताले सदस्य राष्ट्रहरूको प्रतिनिधित्व गर्ने परिषद्लाई बजार अवस्थाको आधारमा युनियन-व्यापी 'सङ्कट' घोषणा गर्नअधिकारसमेत दिनेछ।

विज्ञप्तिअनुसार यो औसत थोक विद्युत् मूल्य वा विद्युत् खुद्रा मूल्यमा तीव वृद्धिसँग सम्बन्धित हुनसक्छ । "यो सम्झौताले कमजोर र ऊर्जाको कमी भएका ग्राहकहरूको सुरक्षाका लागि उपायलाई कडा बनाउने छ", विज्ञप्तिमा उल्लेख छ।

# महिला नेत्रहीन क्रिकेट सिरिजमाथि भारतको कब्जा




**टुडे समाचारदाता**

काठमाण्डु । घरेलु टोली भारतले एक खेल अगावै महिला नेत्रहीन टी-२० क्रिकेट सिरिज आफ्नो पक्षमा पारेको छ। मुम्बईमा भइरहेको सिरिज अन्तर्गत बिहीबार भएको चौथो खेलमा नेपाललाई ७ विकेटले पराजित गर्दै भारतले ३-१ को अग्रतासहित सिरिज आफ्नो बनाएको हो ।यसअघि सुरुवाती दुई खेल भारतले जितेको थियो भने तेस्रो खेलमा नेपालले भारतमाथि १० विकेटको सानदार जित हात पार्दै सिरिजमा फर्केको थियो । तर चौथो खेलमा घरेलु टोली भारतले पुनरागमन गर्दै सहज जित निकाल्यो । नेपालले दिएको १६६ रनको लक्ष्य भारतले १० बल अगावै ३ विकेट गुमाएर पुरा गर्‍यो।

भारतका लागि ओपनर शुष्मा पटेलले सर्वाधिक ४५ रन बनाइन्।शान्ति हान्दाले ३७ र राभान्नीले ३० रन जोडिन्। सिमु दासले अविजित ३० रन योगदान गरिन्।

नेपालका लागि मुना अर्याल र प्रतिभा राईले समान १ विकेट लिए ।त्यसअघि मुम्बईस्थित पुलिस जिमखाना क्रिकेट मैदानमा घरेलु टोली भारतले टस जित्दै नेपाललाई पहिले ब्याटिङको निम्तो दिएको थियो ।जसमा नेपालले निर्धारित २० ओभर खेल्दै बिनिता पुनको अर्धशतकमा ६ विकेट गुमाएर १६५ रन बनाएको थियो ।कप्तानी समेत गरेकी बिनिताले सर्वाधिक ६९ रन बनाइन् ।मनकेसी चौधरीले ३३, सृजना परियारले २४ र सरिता घिमिरेले १२ रन जोडे ।

मुना अर्याल खाता नै नखोली र निशा डगौरा ८ रनमा आउट भए । इशारा माया लुंगेलीले अविजित ६ रन बनाइन् ।भारतका लागि पुला सरेनले २ तथा झिली बिरुअले १ विकेट लिए ।अब नेपाल र भारतबीच सिरिजको पाँचौ तथा अन्तिम खेल बिहीबार हुनेछ । पाँच खेलको सिरिज खेल्न नेपाली टोली मुम्बई गएको हो ।

# फिलिपिन्सले गर्यो १८० चिनियाँलाई देश निकाला

**एएफपी**

मनिला । फिलिपिन्सले राजधानी मनिलामा यौन बेचबिखन र अनलाइन घोटालाको आशङ्कामा छापा मारेर पक्राउ परेका एक सय ८० चिनियाँलाई बिहीबार देश निकाला गरेको अधिकारीहरूले बताएका छन् ।



अक्टोबरमा गरिएको कारबाहीका क्रममा एउटा परिसरभित्र भेटिएका करिब छ सय मानिसमा चिनियाँ, कोरियाली, भियतनामी र फिलिपिनो रहेका थिए। सेक्स खेलौना, एउटा मसाज पार्लर, साङ्गीतिक धुनसँग गीत गाउने कोठा र एउटा रेस्टुरेन्ट एक व्यवसायद्वारा सञ्चालित उक्त भवनमा फेला परेको थियो ।

उक्त व्यवसायले इन्टरनेट गेमिङ कम्पनीका रूपमा इजाजत प्राप्त गरेको अधिकारीहरूले बताएका छन्। छापा मार्ने क्रममा धेरै महिलाको 'उद्धार' गरिएको प्रहरीले बताएको छ।

राष्ट्रपतिको सङ्गठित अपराधविरोधी आयोगका उपसचिव गिल्बर्टो क्रुजले एएफपीलाई भन्नुभयो, "चिनियाँ नागरिकसँग वर्क परमिट (काम गर्ने अनुमति) थिएन र उनीहरू 'अनलाइन घोटालामा' संलग्न थिए ।" छापामा पक्राउ परेका थप विदेशीहरूलाई आगामी साताहरूमा देश निकाला गरिने उहाँले जानकारी दिनुभयो।

एसिया-प्रशान्त क्षेत्रमा इन्टरनेट घोटालाहरूबारे अन्तर्राष्ट्रिय चिन्ता बढिरहेको छ । यसमा प्राय तस्करीका पीडितहरूलाई धोका दिइन्छ र फर्जी क्रिप्टो लगानीलाई बढावा दिनका लागि बाध्य पारिन्छ । फिलिपिन्सका सिनेटर रिसा होन्टिभेरोसले फिलिपिन्समा 'घोटाला कल सेन्टर' सञ्चालन भइरहेको र मुलुकमा बेचबिखन गरी ल्याइएका विदेशीहरूलाई ती कल सेन्टरले रोजगारी दिन्छन् भनेर यसअघि नै चेतावनी दिनुभएको थियो ।

अमेरिकी विदेश मन्त्रालयले उसको सन् २०२३ मानव तस्करी प्रतिवेदनमा फिलिपिन्सले मुलुकभित्र हुने गरेको श्रम तस्करी अपराधहरूको कडा अनुसन्धान वा मुद्दा चलाएको छैन भनेको छ । "भ्रष्टाचार र तस्करीको अपराधहरूमा आधिकारिक संलग्नता महत्त्वपूर्ण चिन्ताको विषय बनेको छ", प्रतिवेदनमा भनिएको छ ।

# मस्को नजिकै नौ युक्रेनी ड्रोन खसालेको रुसको भनाइ

**एएफपी**

मस्को । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको बहुप्रतीक्षित पत्रकार सम्मेलनभन्दा केही



घन्टाअघि राजधानीतर्फ आइरहेका नौ युक्रेनी ड्रोनलाई आफ्नो हवाई रक्षा प्रणालीले खसाएको रुसले बिहीबार बताएको छ।

सन् २०२२ फेब्रुअरीमा युक्रेनमाथि आक्रमण सुरु गरेपछि पुटिनले यस वर्षको अन्त्यमा आफ्नो पहिलो पत्रकार सम्मेलन आयोजना गर्नुअघि हमला भएको बताइएको छ । रक्षा मन्त्रालयले हमलाका लागि किएभलाई दोष दिँदै एक विज्ञप्तिमा भनेको छ, "अन-ड्युटी हवाई रक्षा एकाइहरूले कलुगा र मस्को क्षेत्रमा नौ युक्रेनी युएभी (मानवरहीत हवाई वाहन) लाई नष्ट गरेर रोकेको छ।"

मस्कोका मेयर सर्गेई सोबयानिनले एउटा ड्रोनलाई रुसी राजधानीको दक्षिणपश्चिमी सहर नारो-फोमिन्स्क नजिकै खसालिएको बताउनुभयो । "प्रारम्भिक आँकडाअनुसार जुन स्थानमा ड्रोन खसेको छ त्यहाँ कुनै क्षति वा हताहत भएको छैन", उहाँले भन्नुभयो । घटनास्थलमा आपत्कालीन सेवाहरूले काम गरिरहेको उहाँले जानकारी दिनुभयो। मस्कोसँग गुमाएका क्षेत्रहरू फिर्ता गर्ने नयाँ प्रयास सुरु गरेसँगै युक्रेनले गर्मीयामपछि निरन्तररूपमा ड्रोनमार्फत रुसमा हमला गरेको छ।

# अस्ट्रेलियामा बेरोजगारी दर ३.९ प्रतिशत पुग्यो

**सिन्ह्वा**

क्यानबेरा । नोकरीमा वृद्धि भए पनि अस्ट्रेलियाको बेरोजगारी दर १८ महिनाको उच्चतम स्तरमा पुगेको छ। अस्ट्रेलियन ब्युरो अफ स्टाटिस्टिक्स (एबिएस) ले बिहीबार प्रकाशित गरेको आधिकारिक श्रम तथ्याङ्कमा आधिकारिक बेरोजगारी दर अक्टोबरमा तीन दशमलव आठ प्रतिशतबाट बढेर तीन दशमलव नौ प्रतिशत भएको उल्लेख छ। यो सन् २०२२ अप्रिलपछिको सबैभन्दा उच्च बेरोजगारी दर हो।

यद्यपि अक्टोबर र नोभेम्बरबीच रोजगारीमा रहेका अस्ट्रेलियालीहरूको सङ्ख्या ६१ हजारले बढेको एबिसीको आँकडामा उल्लेख छ । उक्त वृद्धिको भर्पाइ सहभागिता दरमा भएको वृद्धिबाट भएको छ र यसले कामकाजी उमेरको जनसङ्ख्याको अनुपातलाई मापन गर्दछ । कार्यरत वा सक्रियरूपमा कामको खोजीमा रहेका मानिसको सङ्ख्या अक्टोबरमा ६७ प्रतिशतबाट बढेर ६७ दशमलव दुई प्रतिशतको कीर्तिमानी स्तरमा पुगेको छ।

एबिएसद्वारा बेरोजगारी दर गणना गर्नका लागि व्यक्ति कामविहीन हुनुपर्छ वा सक्रियरूपमा नोकरीको खोजी गरेको हुनुपर्छ । एबिएसका अनुसार नोभेम्बरमा एक करोड ४२ लाख ६० हजार अस्ट्रेलियाली रोजगारीमा छन् । यो कामकाजी उमेरको जनसङ्ख्याको ६४ दशमलव छ प्रतिशत हो । अक्टोबर र नोभेम्बरबीच रोजगारीमा रहेका अस्ट्रेलियालीहरूको सङ्ख्या बढे पनि यो अवधिमा सबै नोकरीमा अस्ट्रेलियालीले काम गरेको घन्टाको कूल सङ्ख्या शून्य दशमलव एक प्रतिशतले घटेको छ।

# भेनेजुएला सडक दुर्घटनामा १६ को मृत्यु

**एएफपी**

काराकस । भेनेजुएलाको एक राजमार्गमा सामूहिक सडक दुर्घटना हुँदा १६ जनाको मृत्यु हुनुका साथै अन्य छ जना गम्भीर घाइते भएको स्थानीय अधिकारीले बुधबार बताएका छन् ।काराकसलाई पूर्वसँग जोड्ने ग्रान मारिस्कल डे अयाकुचो राजमार्गमा भएको दुर्घटनामा हालसम्म १६ जना मृत्यु भएको खुलेको प्रमुख अग्नि नियन्त्रक जुआन गोन्जालेजले जानकारी दिनुभयो ।



अधिकारीका अनुसार केही समयअघि भएको दुर्घटनाका कारण रोकिएका कारको लाइनमा तीव्र गतिको ट्रकले ठक्कर दिँदा थप दुर्घटना भएको हो ।जोखिम व्यवस्थापन तथा नागरिक उपमन्त्री कार्लोस पेरेज एम्पुएडाले दुर्घटनामा आठ जनाको मृत्यु भएको सूचना दिँदै मर्नेहरूको सङ्ख्या बढ्नसक्ने बताउनुभएको थियो। उहाँले दुर्घटनामा १७ वटा सवारी साधन प्रभावित भएको जानकारी दिनुभयो।

दुर्घटनाको समयमा भीषण आगलागी र धुवाँका मुस्लोका तस्बिरहरू सामाजिक सञ्जालमा सार्वजनिक भएका थिए ।आगलागी भएका सबैजसो सवारी साधनहरू नियन्त्रणमा रहेको एम्पुएडाले बताउनुभयो । उहाँका अनुसार दुर्घटनास्थलको व्यवस्थापनको काम भइरहेकाले आकस्मिक सेवाहरू आउन ढिलाइ भएको थियो।

# ११ सय बङ्गलादेशी विपक्षी कार्यकर्ता दोषी ठहर

**एएफपी**

ढाका । बङ्गलादेशी अदालतहरूले बुधबार सेप्टेम्बरदेखि अहिलेसम्म एक हजार एक सयभन्दा बढी विपक्षी अधिकारी र कार्यकर्तालाई दोषी ठहर गरेको वकिलहरूले बिहीबार बताएका छन् । विपक्षी दलहरूका अनुसार यस वर्ष व्यापक विरोध प्रदर्शनहरूपछि प्रधानमन्त्री शेख हसिनामाथि कठोर शासन गरेको आरोप लगाउँदै उहाँको राजीनामा माग गरिएको थियो । त्यसपछि विपक्षी दलका हजारौँ मानिसलाई पक्राउ गरिएको छ।

बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) ले उसका सदस्यहरूविरुद्धका मुद्दाहरू राजनीतिकरूपमा प्रेरित रहेको भन्दै प्रधानमन्त्रीको करिब १५ वर्षको शासनको सम्भावित विकल्पहरूलाई दबाउने उद्देश्य रहेको बताएको छ । पार्टीका कानूनी मामिला प्रमुख कैसर कमालले एएफपीसँग भन्नुभयो, "पछिल्लो तीन महिनामा कम्तीमा एक हजार ९३ बिएनपी कार्यकर्ता र अन्य विपक्षी दलका कयौँ दर्जन कार्यकर्ताहरूलाई ६९ मुद्दामा दोषी ठहर गरिएको छ।"

धेरै प्रतिवादीहरूका वकिल एहसानुर रहमानका अनुसार उक्त सङ्ख्यामध्ये बुधबार ढाका अदालतहरूमा बिएनपीका एक सय २७ कार्यकर्तालाई तीन वर्षसम्मको कारागार सजाय सुनाइएको छ । केही प्रतिवादीहरूलाई सन् २०१४ र सन् २०१८ मा बङ्गलादेशमा भएका निर्वाचनका क्रममा हिंसा गरेको दोषी पाइएको छ। मुख्य अभियोजक अब्दुल्ला अबुले पछिल्लो परीक्षणहरूको सञ्चालनको बचाउ गर्नुभयो।

# शोधनान्तर स्थिति एक खर्ब ४७ अर्ब ११ करोडले बचतमा

**टुडे समाचारदाता**

काठमाण्डु । मुलुकबाट बाहिरिनेभन्दा भित्रने पैसाको मात्रामा क्रमशः वृद्धि भएको पाइएको छ । नेपाल राष्ट्र बैंकले विहिबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको चार महिनाको विवरण अनुसार यस अवधिमा शोधनान्तर स्थिति रु एक खर्ब ४७ अर्ब ११ करोडले बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु २० अर्ब तीन करोडले बचतमा थियो ।

समीक्षा अवधिमा चालु खाता रु ९६ अर्ब ३८ करोडले बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु ३७ अर्ब ७९ करोडले घाटामा थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा २९ करोड ६१ लाखले घाटामा रहेको चालु खाता समीक्षा अवधिमा ७२ करोड ५१ लाखले बचतमा छ । समीक्षा अवधिमा पुँजीगत ट्रान्सफर ४६ दशमलव छ प्रतिशतले कमी आई रु एक अर्ब ५९ करोड कायम भएको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी रु तीन अर्ब ६४ करोड छ । अघिल्लो वर्षको सोही अवधिमा पुँजीगत ट्रान्सफर रु दुई अर्ब ९७ करोड कायम भएको थियो भने खुद प्रत्यक्ष वैदेशिक लगानी रु ४२ करोड ९२ लाख रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा १४ करोड ९६ लाखले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा १ अर्ब ११ करोडले बचतमा छ ।

आर्थिक वर्ष २०८०/८१ को चार महिनामा कुल वस्तु आयात तीन दशमलव आठ प्रतिशतले कमी आई रु पाँच खर्ब १२ अर्ब ५० करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयातमा १८ दशमलव एक प्रतिशतले कमी आएको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारत र अन्य मुलकबाट भएको आयात क्रमशः दुई दशमलव पाँच प्रतिशत र २७ दशमलब सात प्रतिशतले घटेको छ भने चीनबाट भएको आयात ३४ दशमलब चार प्रतिशतले बढेको छ ।

वस्तुगत आधारमा तयारी पोशाक, एमएस तार, छड, बार तथा क्वाइल, विद्युत्तीय उपकरण, लत्ताकपडा, हवाईजहाजका स्पेयर पार्टपुर्जालगायतका वस्तुको आयात बढेको छ भने कच्चा सोयाविन तेल, सुन, पेट्रोलियम पदार्थ, कच्चा पाम तेल, एमएस विलेटलगायतका वस्तुको आयात घटेको छ ।

निर्याततर्फ भैरहवा, सुख्खा बन्दरगाह, जलेश्वर, कञ्चनपुर, कृष्णनगर, मेची, रसुवा, तातोपानी तथा त्रिभुवन विमानस्थल भन्सार कार्यालय बाहेकका प्रमुख नाकाबाट गरिएको निर्यात घटेको छ । आयाततर्फ भैरहवा, सुक्खा बन्दरगाह, जलेश्वर, कञ्चनपुर, कृष्णनगर, नेपालगञ्ज, रसुवा तथा तातोपानी भन्सार कार्यालय बाहेकका सम्पूर्ण प्रमुख नाकाबाट भएको आयातमा कमी आएको छ ।

चालु आवको चार महिनामा कुल वस्तु व्यापारघाटा तीन दशमलव तीन प्रतिशतले कमी आई रु चार खर्ब ६१ अर्ब ९४ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा १५ दशमलब नौ प्रतिशतले घटेको थियो ।

# हस्तकला उद्योग व्यवसायमैत्री नीति बनाउनुपर्नेमा राष्ट्रपतिको जोड

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले हस्तकला विदेशी मुद्रा विहिबार्नको प्रमुख क्षेत्र भएकाले यसको प्रवर्द्धनका लागि हस्तकला उद्योगका लागि व्यवसायमैत्री नीति नियम तथा ऐन बनाउनुपर्ने बताएका छन् । बाह्रौं हस्तकला दिवसका अवसरमा विहिबार यहाँ आयोजित २० औं हस्तकला व्यापार मेला तथा १८ औं हस्तकला प्रतियोगिताको उद्घाटन गर्दै उनले हस्तकला उद्योग व्यवसायको उत्थानबाट नेपालको पहिचानलाई अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्न सकिने बताए ।




राष्ट्रपति पौडेलले हस्तकला उद्योगबाट उत्पादित वस्तुको बजार विस्तार देशभित्र गर्न सरकारका सम्पूर्ण निकायबाट स्वदेशमा उत्पादित वस्तुको उपयोगको वातावरण सिर्जना गर्नुपर्ने आवश्यकता औल्याए । उनले भने, "हस्तकला उद्योग नेपालको व्यापार मात्र नभई प्राचीन सभ्यता, मौलिक संस्कृति र सम्पदाको संरक्षण गर्दै विश्वमा परिचित गराउने महत्त्वपूर्ण क्षेत्र हो । यसका साथै हस्तकला उद्योग व्यवसायको उत्थानबाट नेपालको पहिचान एवं गरिमालाई अन्तर ाष्ट्रियस्तरमा प्रवर्द्धन गर्न सकिन्छ ।"

हस्तकला उद्योगको विकास र विस्तारबाट मुलुकको विशिष्ट पहिचान स्थापित गर्न सकिनुका साथै आर्थिक, सामाजिकलगायत समग्र राष्ट्रिय विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सकिने राष्ट्रपति पौडेलको विश्वास छ । उनले नेपाली हस्तकलाका सामग्री विभिन्न जातजातिको पुर्ख्यौली पेसा र सीपमा आधारित मौलिक उत्पादन भएकाले सजिलै यसको नक्कल हुन नसक्ने बताए ।

राष्ट्रपति पौडेलले यस प्रकारका उत्पादनको प्रतिलिपि अधिकार पनि समयमा नै सुरक्षित गर्नेतर्फ ध्यान दिन सबैलाई आग्रह गरे । उनले भने, "प्रतिलिपि अधिकार सुरक्षित गर्दै नेपाली परम्परागत सीप र उत्पादनलाई नयाँ पुस्तासम्म हस्तान्तरण गर्दै समय सापेक्ष विकास गर्न आवश्यक छ ।"

प्रत्यक्षअप्रत्यक्ष गरी झण्डै ११ लाख व्यक्तिलाई रोजगारी दिएको हस्तकला क्षेत्र अर्थव्यवस्थाको पहिचानमा आधारित उद्योग व्यवस्था भएको उल्लेख गर्दै राष्ट्रपतिले यसखालका उत्पादनले मुलुकको पहिचान विश्वभर फैलाउन योगदान पुऱ्याएको बताए । "थोरै पूँजी, स-सानो प्रविधि तथा स्थानीय कच्चा पदार्थ, श्रम र सीपमा आधारित हस्तकला उद्योग व्यवसाय कृषि पछिको गाउँ, बस्ती, दुर्गम क्षेत्रमा विस्तार गर्न सकिने ठूलो सम्भावना रहेको क्षेत्र हो", उनले भने, "सहजै स्थानीय स्रोतको उपयोग गरी गर्न सक्ने व्यवसाय पनि हो । यति महत्त्वपूर्ण व्यवसाय भएर पनि युवा पुस्तामा हस्तकलाको सीप र प्रविधि हस्तान्तरण हुन सकिरहेको छैन ।"

राष्ट्रपति पौडेलले परम्परागत सीप र प्रविधि हस्तान्तरण गर्न आवश्यक कार्यक्रम, तालिम सञ्चालका लागि सङ्घ, प्रदेश, स्थानीय सरकारसहित निजी क्षेत्रको साझेदारीमा हस्तकलाग्राम स्थापना गर्न आवश्यक रहेको बताए । उनले भने, "मौलिक कला र संस्कृति झल्कने स्थानीय हस्तकलाका सामग्रीले पर्यटन व्यवसायमा पनि योगदान पुऱ्याएको छ । यस्ता सामग्रीले स्वदेशी मात्र होइन विदेशी पर्यटकलाई पनि आकर्षित गरिरहेको छ । पर्यटनसँग सम्बन्धित विभिन्न निकायबीच उचित समन्वय र सहयोगको वातावरण तयार गर्न जरुरी छ ।"

राष्ट्रपति पौडेलले विश्वबजार प्रतिस्पर्धी बन्दै गइरहेका बेलामा नेपाली हस्तकलाको समान निर्यात गर्दा उत्पादन, बजारको माग, वस्तुको डिजाइन, विका, गुणस्तरीय वस्तु, मूल्य निर्धारण, राम्रो प्याकेजिङ, व्यापार मेला र प्रर्दशनीमा सहभागी, प्रचार, प्रवर्द्धन, अनुसन्धान, विकास र प्रतिलिपि अधिकारमा विशेष ध्यान पुऱ्याउन आवश्यक रहेकामा जोड दए । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले मुलुकको पहिचानसँग जोडिएको हस्तकला क्षेत्रको विकासमा सरकारले ध्यान दिएको भन्दै उत्पादित सामग्रीको निर्यात सहजीकरण गर्न तत्पर रहेको उल्लेख गरे । "हस्तकला क्षेत्रले मुलुकको आर्थिक, सामाजिक क्षेत्रको विकासका साथै रोजगारी सिर्जनामा पनि महत्त्वपूर्ण भूमिका खेलेको छ", उनले भने, "निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गरी राष्ट्रिय अर्थतन्त्रलाई मजबुद बनाउन हस्तकला क्षेत्रको उल्लेख्य योगदान रहेको छ ।"

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक शरदबिक्रम राणाले परम्परागत सीप तथा प्रविधि पछिल्ला पुस्तामा हस्तान्तरण गर्नुपर्नेमा जोड दिँदै हस्तकला क्षेत्रमा युवा पुस्तालाई आकर्षित गर्न सक्नुपर्ने बताए । विदेशमा रहेका युवालाई स्वदेश फर्काउने तथा स्वदेशमा रहेका युवालाई यही उद्यमशील बनाउन सरोकारवाला सबैले ध्यान दिनुपर्ने उनको भनाइ थियो ।

नेपाल हस्तकला महासङ्घका अध्यक्ष प्रचण्ड शाक्यले हस्तकलालाई समृद्धिको सम्भावना मान्ने अवधारणा अघि सारिएको उल्लेख गर्दै मुलुकको व्यापार घाटा न्यूनीकरण गर्न हस्तकला क्षेत्रले महत्त्वपूर्ण सहयोग मिलेको बताए । उनले हस्तकला क्षेत्रमा ११ लाख बढी श्रमिक आबद्ध भएको जानकारी दिए ।

हस्तकलाका सामग्रीको प्रवर्द्धन गर्ने उद्देश्यका साथ महासङ्घले २०४८ सालदेखि हस्तकला व्यापार मेला आयोजना गर्दै आएको छ । पाँच दिनसम्म चल्ने उक्त मेला एक लाख बढीले अवलोकन गर्ने आयोजकले जनाएको छ । मेलामा हस्तकलाका सामग्री बिक्रीका साथै प्रदर्शनीमा राखिएका छन् ।

# विदेशी मुद्राको विनिमय सञ्चिती रु १६ खर्ब ९६ अर्ब कायम

**टुडे समाचारदाता**

काठमाण्डु । विदेशी मुद्रा सञ्चिति १० दशमलव दुई प्रतिशतले बढेको छ । नेपाल राष्ट्र बैंकले विहिबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको चार महिनाको विवरणअनुसार गत कात्तिक मसान्तसम्म विदेशी मुद्राको विनिमय सञ्चिति रु १६ खर्ब ९६ अर्ब ७८ करोड पुगेको छ । कूल विदेशी सञ्चितीमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति रु १४ खर्ब ९० अर्ब ८३ करोड बराबर छ ।

केन्द्रीय बैंकका अनुसार २०८० असार मसान्तमा रु १५ खर्ब ३९ अर्ब ३६ करोड रहेको कुल विदेशी विनिमय सञ्चितिमा १० दशमलब दुई प्रतिशतले वृद्धि भई गत कात्तिक मसान्तमा रु १६ खर्ब ९६ अर्ब ७८ करोड पुगेको हो । अमेरिकी डलरमा यस्तो सञ्चिति २०८० असार मसान्तमा ११ अर्ब ७१ करोड रहेकोमा २०८० कात्तिक मसान्तमा आठ दशमलव नौ प्रतिशतले वृद्धि भई १२ अर्ब ७५ करोड पुगेको छ ।

यस्तै, बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०८० असार मसान्तमा रु एक खर्ब ९३ अर्ब ५९ करोड रहेकोमा २०८० कात्तिक मसान्तमा छ दशमलव चार प्रतिशतले वृद्धि भई रु दुई खर्ब पाँच अर्ब ९५ करोड कायम भएको छ । गत कात्तिक मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २१ दशमलव आठ प्रतिशत छ ।

आर्थिक वर्ष २०८०/८१ को चार महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १३ दशमलव छ महिनाको वस्तु आयात र ११ दशमलव तीन महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

# कर्णालीका ३० प्रतिशत परिवार मात्रै कृषिमा आत्मनिर्भर



**टुडे समाचारदाता**

काठमाण्डु । कर्णाली प्रदेशका ३० प्रतिशत परिवार मात्रै आफ्नै उत्पादनमा आत्मनिर्भर रहेको पाइएको छ । राष्ट्रिय कृषि गणना, २०७८ का अनुसार प्रदेशका ७० प्रतिशत परिवारलाई कृषिको उत्पादनले वर्षभरि खाना नपुग्ने अवस्था छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्बजनिक गरेको राष्ट्रिय कृषि गणना, २०७८ को प्रदेशस्तरीय नतिजाअनुसार कर्णालीमा तीन लाख दुई हजार परिवारले कृषि पेसा गर्दै आएकामा जम्मा ३० प्रतिशत अर्थात् ९० हजार छ सय मात्रै कृषिमा आत्मनिर्भर छन् । अधिकांश परिवारलाई भने वर्षभरि खाना नपुग्ने गरेको तथ्याङ्कमा उल्लेख छ । कर्णालीमा एक लाख १७ हजार चार सय ११ हेक्टर जग्गामा ८२ दशमलव ६३ प्रतिशतले कृषि कर्म गर्ने गरिएको पाइएको तथ्याङ्क छ ।

कृषिमै आश्रित ठूलो सङ्ख्या भए पनि उत्पादनमा भने आत्मनिर्भर हुन नसकेको भन्दै सरकारले अब बनाउने नीति उत्पादनमुखी बनाउनुपर्ने राष्ट्रिय तथ्याङ्क कार्यालयका निर्देशक बद्रीकुमार कार्कीले बताए । "उनले भने, "कर्णालीमा अधिकांश नागरिक कृषि पेसामा आबद्ध छन्, तर उत्पादनमा भने थोरै सङ्ख्यामा मात्रै आत्मनिर्भर छन् । आगामी दिनमा सरकारले उत्पादनमुखी योजना बनाउन आवश्यक छ ।"

तथ्याङ्कमा पुरानाभन्दा नयाँ प्रविधिको विस्तार भने भएको पाइएको छ । फलामे हलोको प्रयोग घटेको छ भने ट्र्याक्टर र पावरट्रिलर प्रयोग गर्नेको सङ्ख्यामा वृद्धि भएको देखिएको छ । आठ दशमलव एक प्रतिशत फलामे हलो, पाँच दशमलव एक प्रतिशत ट्याक्टर र चार दशमलव पाँच प्रतिशत पावरट्रिलर प्रयोगकर्ता रहेको निर्देशक कार्कीले बताए । तीन दशकमा नेपालमा कृषक परिवार सङ्ख्या र कृषकले भोगचलन गरेको जग्गामा वृद्धि भए पनि सरदर दुईपटक मात्र बाली लगाउने गरिएको छ । यस्तै गाईगोरु र राँगाभैँसीभन्दा खसीबाखा, सुगुर बङ्गुरपालन गर्नेको सङ्ख्यामा वृद्धि हुँदै गएको तथ्याङ्कमा उल्लेख गरिएको छ ।

## उत्पादनशील जमिन मासिँदै

तथ्याङ्कअनुसार कर्णालीको उत्पादनशील जग्गासमेत मासिँदै गएको पाइएको छ । केही वर्ष अगाडिसम्म उत्पादन हुने सुर्खेत वीरेन्द्रनगर अहिले घर र घडरीमा परिणत हुन थालेको छ । प्रदेश राजधानीसमेत रहेको सुर्खेतमा ४३ प्रतिशत परिवार आफ्नै उत्पादनमा आत्मनिर्भर छन् । तर यो सङ्ख्या विगतको भन्दा घटेको प्रतिवेदनमा उल्लेख छ ।

त्यसैगरी पहाडाको जग्गा पनि बाँझिन थालेका छन् । रोजगारीको सिलसिलामा नागरिकको सहरकेन्द्रित बसाइसँगै वैदेशिक रोजगारीमा जाने प्रवृत्ति बढेपछि गाउँका जमिन पनि बाझिँदै गएका हुन् । उत्पादनमुखी क्रियाकलाप नहुँदा अझै परनिर्भरता बढ्नसक्ने भन्दै विज्ञले आगामी दिनमा बनाउने योजना यो तथ्याङ्कलाई टेकेर बनाउनुपर्ने सुझाव सरकारलाई दिएका छन् ।

कर्णाली प्रदेश सरकारले यसअघि थुप्रै योजना कृषि लक्षित बनाउने गरेको भए पनि एकिन तथ्याङ्क नहुँदा योजना कार्यान्वयनमा समस्या झेल्दै आएको थियो । प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री भीमप्रकाश शर्माले कर्णालीमा तथ्याङ्क नहुँदा योजना तथा बजेट निर्माण गर्न कठिनाइ भइरहेको भन्दै कृषि गणनाबाट आएको तथ्याङ्कले सरकारलाई योजना बनाउन र कार्यान्वयन गर्न सहज हुने बताए ।

तीनै तहका सरकारको समन्वयमा उत्पादन वृद्धिसँगै बजारीकरणको ग्यारेण्टी गर्ने गरी योजना बनाउन आवश्यक रहेको भन्दै मन्त्री शर्माले भने, "उत्पादन बढाउन कठिनाइ छैन, किन भने अहिले आधुनिक प्रविधिको जति पनि प्रयोग गर्न सकिने अवस्था छ । कृषकले उत्पादन गरेका वस्तुको बजारीकरण कसरी गर्ने भन्ने समस्या छ, यसतर्फ तीनै तहका सरकारले सोच्नुपर्छ ।"

मन्त्रालयका सहसचिव डा नरहरिप्रसाद घिमिरेले तथ्याङ्कका आधारमा अब सरकारलाई योजना बनाउन सहज हुने बताए । राष्ट्रिय तथ्याङ्क कार्यालयका सहसचिव एवं उपप्रमुख तथ्याङ्क अधिकारी डा डिल्लीराज जोशीले करिब सात हजार जनशक्ति परिचालन गरी ४५ दिन लगाएर कृषि गणना गरिएको जानकारी दए । एक कृषकसँग जानकारी लिन करिब डेढ घन्टा समय लागेको उनको भनाइ छ ।

# कोरियाबाट फर्केपछि स्वदेशमा कागती खेतीमा रमाउँदै

**टुडे समाचारदाता**

तनहु । पैसा कमाउन बिदेशिने क्रम बढ्दै गएको अवस्थामा तनहुँका एक युवक कोरियाबाट फर्केपछि पुनः त्यहाँ जानुको साटो यहीँ कागती खेतीमा रमेका छन् ।

नौ वर्षसम्म कोरियामा रहेका व्यास नगरपालिका-१३ आसपानीका राजु रेग्मी स्वदेश फर्किएर व्यावसायिक कागती खेतीतर्फ लागेका हुन् । मासिक रु तीन लाखको नोकरी छाडेर कृषि पेसा अगाँल्नु भएका उनले वैदेशिक रोजगारीमा विदेशिने युवायुवतीका लागि यहीँ नै लगनशिल भएर काम गरे प्रशस्त आम्दानी गर्न सकिने उद्धारण प्रस्तुत गरेका छन् ।

स्वदेशमा बसेर पनि केही उद्यम गर्न सकिन्छ भन्ने सोचले कोरियाको राम्रो आम्दानी छाडेर घर फर्किएको रेग्मी बताउनुहन्छ । पुर्ख्यौली घर स्याङ्जाबाट विसं २०७३ मा रेग्मीका परिवार तनहुँमा बसाइँसराई गरिआएको थियो । बसाइँसराई गरेर आएको केही वर्षपछि व्यावसायिकरूपले कागती खेती सुरुवात गरिएको उहाँकी पत्नी सिर्जना कोइराला जानकारी दिन्छन् । कागती खेतीबाट बर्सेनी उत्पादन वृद्धि हुँदै गएपछि थप हौसला मिलेको उनी बताउछन् ।"कागतीका बिरुवा आफूले हुर्काएपनि उत्पादन लिने वर्षदेखि पति विदेशबाट फर्किएर यो पेसा सम्हाल्दै आउनुभएको छ, सिर्जना भन्छिन्, "घरपरिवार सबैको साथ र सहयोग पाएपछि अहिले खेती गर्न र रेखदेख गर्न सहज भएको छ ।" विसं २०७८ मा रु चार लाख, २०७९ मा रु सात लाख र २०८० मा रु पन्ध्र लाखको कागती बिक्री गरिसकेको रेग्मी परिवार बताउँछन् । यसवर्ष गत बैशाख र जेठ महिनामा हावाहुरीसहितको असिनाले क्षति नबनाएको भए करिब रु बीस लाख बराबरको कागती बिक्री हुने लक्ष्य उनीहरुको थियो ।

करिब २६ रोपनी जमिनमा एक हजार सुन कागतीको बिरुवा लगाइएकामा अहिले छ/सात सय बिरुवाले उत्पादन दिन थालेको छ । आउँदो वर्ष अन्य बाँकी बिरुवाले पनि उत्पादन दिने हुँदा उत्पादन राम्रो हुने विश्वास गरिएको छ । कृषि ज्ञान केन्द्रले अनुदानमा कागतीका बिरुवा उपलब्ध गराएको थियो ।



आफूहरुलाई व्यावसायिक कृषि पेसामा लाग्न उत्प्रेरण दिनुहुने तत्कालीन वरिष्ठ कृषि विकास अधिकृत कूलप्रसाद तिवारीको ठूलो योगदान रहेको किसान सिर्जना स्मरण गर्छन् । कागतीका बिरुवा छाँटकाँटदेखि रोगको उपचार र बजारीकरणका लागि वरिष्ठ कृषि विकास अधिकृत तिवारीको गुन कहिल्यै भुल्न नसकिने उनी बताउछन् ।

पछिल्ला समय जिल्लामा कागती खेतीतर्फ किसानको आर्कषण बढ्दै गएको छ । हाल जिल्लामा दुई सय त्रिसठ्ठी हेक्टर जमिनमा कागती खेती हुँदै आएको छ भने दुई सय एक्काइस हेक्टर जमिनमा बिरुवाले उत्पादन दिन सुरु गरेको छ । आर्थिक वर्ष २०७९/८० मा एक हजार पाँच सय पच्चीस मेट्रिकटन कागती उत्पादन भएको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी एवं बाली संरक्षण अधिकृत किरण परियार जानकारी दिन्छन् ।

# धान जोनमा उत्पादन नबढेपछि माटो परीक्षण गरिँदै

**टुडे समाचारदाता**

चितवन । जिल्लामा रहेको धान जोनमा उत्पादन नबढेपछि माटो परीक्षणको काम सुरु गरिएको छ । भरतपुरस्थित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाईले जिल्लामा रहेको धान जोनको माटो परीक्षण सुरु गरेको हो ।



मङ्गलबारदेखि माटो परीक्षणको काम सुरु गरिएको कार्यालयका सूचना अधिकारी इन्द्र शर्मा ढुङ्गानाले जानकारी दए । उनका अनुसार जोनअन्तर्गत् आठ हजार ५४० हेक्टर जमिनमा धान खेती गरिएको थियो । यहाँको उत्पादन र उत्पादकत्व वृद्धि नभएपछि माटो परीक्षण गरिएको उनले जानकारी दए ।

सूचना अधिकारी ढुङ्गानाका अनुसार गत वर्ष ३९ हजार ८८२ मेट्रिकटन धान उत्पादन भएको थियो । यो प्रतिहेक्टर पाँच दशमलब दुई मेट्रिकटन उत्पादकत्व हो । यसवर्ष पनि सोही अनुपातमा धान उत्पादन भएकाले माटो परीक्षण गरिएको उल्लेख गर्दै उनले भने "धान उत्पादन दस प्रतिशतले वृद्धि हुनुपर्ने हो, तर हुन सकेन । कारण पत्ता लगाउन माटो परीक्षण गरिएको हो ।"

जोन क्षेत्रमा रोगका किराको आक्रमण माटोका कारणले भएको हुनसक्ने देखिएपछि एक हजार ५० नमुना सङ्कलन गरेर परीक्षण सुरु गरिएको र जोनमा लगाइएको धानमा नेक ब्लाष्ट (घाँटी मरुवा), सित ब्लाइट, कालोपोके र गबारोलाग्नेजस्ता समस्या देखापरेको थियो । यो समस्या माटोमा कुन तत्वको कमीले भएको हो भन्ने बिषयमा माटो परीक्षणबाटै जानकारी हुने उनले बताए ।

माटो परीक्षण गर्दा माटोमा प्राङ्गारिक पदार्थ, नाइट्रोजन, फसफोरस, पोटासको मात्रा कति छ र अम्लियपन वा छ्यारीयपन कति छ भन्ने पत्ता लगाइन्छ । जिल्लामा धान जोन सुरु भएको चार वर्ष भएको छ । अन्य दुई वर्षमा उत्पादन र उत्पादकत्व वृद्धि राम्रो भए पनि यस वर्ष हुन नसकेको उल्लेख गर्दै सूचना अधिकारी ढुङ्गानाले भने, "धान जोन क्षेत्रमा सुरुवाती वर्ष उत्पादकत्व तीन दशमलब छ मेट्रिकटन प्रतिहेक्टर थियो ।

धान जोनका रुपमा पूर्वी चितवनको राप्ती, खैरहनी र रत्ननगर नगरपालिका बिशेष रहेका छन् । ती पालिकाको राजमार्गभन्दा दक्षिण क्षेत्रको माटो परीक्षण गरिएको हो । माटो परीक्षणको नतिजा आउन केही समय लाग्छ ।"


मधेश प्रदेश सरकार

**मधेश स्वास्थ्य बिज्ञान प्रतिष्ठान**

**प्रादेशिक अस्पताल**

मधेश प्रदेश, जनकपुरधाम, धनुषा

**बोलपत्र रद्द गरिएको सूचना**

प्रकाशित मिति २०८०/०८/२९

मिति २०८०।०६।०८ गते प्रथम पटक जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित यस प्रतिष्ठान अन्तर्गत संचालित प्रादेशिक अस्पतालको ठेक्का नं. MP/MIHS/NCB/GOODS-1/2080-081, The procurement of Dialysis Ward's Medicine and Surgical Goods को बोलपत्र विशेष कारण बस रद्द गरिएहो व्यहोरा सम्बन्धित सबैको लागि यो सुचना प्रकाशित गरीएको छ ।

अस्पताल निर्देशक

# किसानहरु सरकारी मूल्यभन्दा बढीमा मल खरिद गर्न वाध्य

**संघीय सरकारले किसानहरुलाई सहुलियत दरमा मल उपलब्ध गराउने भनिएको मलको मूल्य स्थानीय निकायले आफूखुसी तोके पछि किसानहरु मारमा परेका छन् ।**



**टुडे समाचारदाता**

जनकपुरधाम । संघीय सरकारले किसानहरुलाई सहुलियत दरमा मल उपलब्ध गराउने भनिएको मलको मूल्य स्थानीय निकायले आफूखुसी तोके पछि किसानहरु मारमा परेका छन् ।

धान खेती पछि दोस्रो वाली गहुँको लागि आवश्यक पर्ने रसायनिक मल सरकारले तोकिएको भन्दा बढी मूल्य तिरेर खरिद गर्नुपर्ने वाध्यताका कारण किसानहरु मारमा परेका छन् । धनुषा, महोत्तरी, सिन्धुलीका किसानलाई कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालय जनकपुरधाम, शाखा कार्यालय ढल्केवर र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड शाखा कार्यालय जनकपुरधामले सहुलियत दरमा मल उपलब्ध गराउँदै आएको छ ।

ती संस्थाहरुले स्थानीय तहको सिफारिसमा सहकारी संस्थाहरुमार्फत सुदूरग्रामीण क्षेत्रका किसानहरुलाई मल उपलब्ध गराउँदै आएको छ । तर मलको लोड अनलोड, श्रमिकको ज्याला, दूरीको हिसाबले लाग्ने भाडा लगायतका सबै खर्चको नाममा स्थानीय तहले मलको मूल्य आफूखुसी निर्धारण गरी सरकारी दरभन्दा ५ देखि १० प्रतिशतसम्म बढी मूल्य तिरेर किसानलाई मल किन्नु पर्ने वाध्यात्मक अवस्था देखिएको छ ।

स्थानीय तहले सहकारीहरुको दबाबमा पनि आवश्यकता भन्दा बढी मूल्य तोक्ने र सहकारी संस्थाहरुले त्यसै अनुरुप मल बेच्दा किसानहरुलाई महँगो पर्न गएको धनुष खजुरीका किसान शिवनाथ मण्डलले बताए । संघीय सरकारले ५० किलो तौल भएको युरिया मल प्रति बोराको मूल्य ८ सय ४९ रुपैयाँ ५० पैसा तोकेको छ । त्यसैगरि डिएपी ५० किलो तौलको प्रतिबोरा २ हजार २ सय ८९ रुपैयाँ ५० पैसा र पोटास ५० किलो प्रति बोरा १ हजार ६ सय ८९ रुपैयाँ ५० पैसा मूल्यमा सहकारी संस्थाहरुलाई उपलब्ध गराउने गरेको छ ।

तर सहकारी संस्थाहरुले महँगो मूल्यमा किसानहरुलाई मल उपलब्ध गराएपछि किसानहरु मारमा परेका छन् । सहकारी संस्थाहरुले बढी मूल्य लिइ मल बेच्दा यस क्षेत्रका किसानहरु भारतीय बजारबाट मल ल्याएर प्रयोग गर्ने गरेको अर्का किसान रंजित सहनीले बताए । भारतीय बजारबाट ल्याउने मल कमसल र गुणस्तरमा कमजोर भएकोले वाली उत्पादनमा समेत ह्रास आउने गरेको किसानहरुको भनाइ छ । 'एक त समयमा मल पाउँदैनौ, पाए पनि धेरै महँगो हुन्छ, किसान सहनीले भने,' यस्तोमा किसानहरु वाध्य भएर भारतीय मलको प्रयोग गर्छन् ।'

ढुवानी खर्चको नाममा स्थानीय निकायले जथाभावी मलको खुद्रा रेट तोक्दा किसानहरु महँगोमा मल किन्न बाध्य रहेका छन भने स्थानीय निकाय र बिक्रेताको मिलेमतोमा आ-आफ्ना किसानलाई मल उपलब्ध गराउने पीडित किसानहरुको गुनासो छ ।

कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालय ढल्केवरले आर्थिक वर्ष २०७९/०८० मा १३ करोड ८१ लाख ८४ हजार ५ सय ८ रुपैयाँ मूल्य बराबरको ४८ हजार ६१ दशमलव ३ मेट्रिकन युरिया, डिएपी र पोटास बिक्री गरेको छ । त्यसैगरि, सोही कार्यालयले चालु आर्थिक वर्षको श्रावणदेखि मंसिर महिनाको तेस्रो सप्ताहसम्म ८ करोड ६० लाख ५२ हजार २० रुपैयाँ मूल्य बराबरको १३ लाख ५० हजार ७ सय ७४ मेट्रिकटन युरिया, डिएपी र पोटास बिक्री गरेको सो कार्यालयका प्राविधिक आनन्द झाले बताए । सो कार्यालयसँग हाल युरिया ७ सय ७२ दशमलव १० मेट्रिकटन, डिएपी ३ सय ३ दशमलव ८ सय ५० मेट्रिकटन मौज्दात अवस्थामा रहेको छ ।

त्यसैगरि साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड शाखा कार्यालय जनकपुरधामले आर्थिक वर्ष २०७९/०८० मा २५ करोड ४२ लाख ४९ हजार ८ सय ३५ रुपैयाँ मूल्य बराबरको मल बिक्री गरे पनि अधिकांश किसानहरु मल पाउनबाट वञ्चित रहेका छन् । सो कार्यालयले गत आर्थिक वर्षमा १२ करोड ७१ लाख २७ हजार १ सय ८३ रुपैयाँ मूल्य बराबरको ७ हजार ५ सय ३६ दशमलव ६५ मेट्रिकटन युरिया र १२ करोड ७१ लख १२ हजार ६९० रुपैयाँ मूल्य बराबरको २ हजार ७ सय ७८ दशमलव ४५ मेट्रिकटन डिएपी बिक्री गरेको थियो ।

कार्यालयले धनुषा महोत्तरी र सिन्धुलीका २ सय ५० सहकारी संस्था मार्फत किसानसम्म मल पुर्‍याए पनि स्थानीय निकायको विभेदकारी नीतिका कारण वास्तविक किसानले आवश्यकता अनुसारको मल पाउन नसकेको किसान शिवजी मुखियाको भनाइ छ ।

# आक्रोशित विद्यार्थीद्वारा ढुङ्गामुढा



**टुडे समाचारदाता**

राजविराज । मनपरी शुल्क असुल गरेको विरोधमा आवाज उठाउँदा विद्यालयका प्रधानाध्यापक र व्यवस्थापन समितिका अध्यक्ष मिलेर दुई जना विद्यार्थीलाई निर्घात कुटपिट गरेको विरोधमा आन्दोलनरत विद्यार्थीहरुले दोश्रो दिन विहीबार राजविराज नगरपालिकाको कार्यालयमा ढुङ्गामुढा गरेका छन् ।

आक्रोशित विद्यार्थीहरुले ढुङ्गामुढा गर्दा नगरपालिका कार्यालयको दुई वटा झ्यालको शिशा फुट्नुका साथै कार्यालय परिसरमा राखिएको फूलको गमलाहरुमा क्षति पुगेको छ ।

स्थानीय नरेन्द्र मेमोरियल जनता माध्यमिक विद्यालय बोरियाका कक्षा १० मा अध्यनरत विद्यार्थी विकास कुमार मण्डल र रोशन साहलाई दुई दिन अघि विद्यालयले मनपरी शुल्क असुलेको बारे आपत्ति जनाउँदा प्रधानाध्यापक रामानन्द सुनरैत यादव र व्यवस्थापन समितिका अध्यक्ष रितेश यादवले निर्घात कुटपिट गरेपछि विद्यार्थीहरु आन्दोलित भएका छन् ।

विद्यार्थी कुट्ने प्रअ र व्यवस्थापन समितिका अध्यक्ष दुबैमाथि कडा कारबाहीको माग गर्दै विद्यार्थीहरुले आन्दोलित भएका छन् । आक्रोसित विद्यार्थीहरुले नगरपालिकामा ढुङ्गामुढा गर्नुका साथै मूल गेटमै दुई घण्टा धर्ना तथा टायर बालेर प्रर्दशन समेत गरेका छन् ।

परीक्षाको रजिष्ट्रेशन शुल्क वापत कक्षा ९ को ३ सय र कक्षा १० का लागि ५ सय रुपैयाँ राजश्व बुझाउने प्रावधान रहे पनि सो विपरीत विद्यार्थीहरुबाट १ हजार देखि १ हजार ४ सय रुपैयाँसम्म जवर्जस्ती असुल गरिएको र सो बारे प्रश्न उठाउँदा आफूहरु कुटिएको घाइते भएका विद्यार्थी विकास मण्डलले बताए ।

नगरपालिकामा ढुङ्गामुढा तथा मुल गेटमै विद्यार्थी धर्नामा वसेपछि कार्यवाहक नगर प्रमुख इसरत परवीनले आन्दोलनकारीहरुसंग वार्ता गरी समस्या समाधानको प्रयास गरेकी छन् । उनले घटनाबारे छानबिन थालिएको तथा शुक्रवार दुबै पक्षलाई राखी निकास निकाल्ने प्रतिबद्धता जनाएको आन्दोलनरत विद्यार्थीहरुले जनाए ।

# विवाह महोत्सवका अवसरमा धनुष यज्ञ सम्पन्न



**टुडे समाचारदाता**

जनकपुरधाम । रामजानकी विवाह पञ्चमी महोत्सव अन्तर्गत तेस्रो दिन जनकपुरधाममा धनुष यज्ञ कार्यक्रम सम्पन्न भएको छ । सो अवसरमा जानकी मन्दिरको परिसरमा राम जानकीको प्रतीकको रुपमा रहेका भगवान रामबाट धनुष तोडिएको छ । भगवान रामले धनुष तोडेपछि जानकी मन्दिरमा उपस्थित रहेका हजारौं श्रद्धालुले जयजयकार गरेका थिए ।

धनुष यज्ञमा त्रेतायुग जस्तै विभिन्न राजकुमारहरुलाई राखिएको थियो । सो अवसरमा जानकी मन्दिरका महन्त राम तपेश्वर दास वैष्णव, उत्तराधिकारी महन्त राम रोशन दास वैष्णवसहित जनकपुरधामका विभिन्न मन्दिरका सन्त महन्तहरु सहभागी थिए । त्रेतायुगमा भगवान रामले धनुष तोडेका थिए । त्यसैको स्मरणमा प्रत्येक वर्ष विवाह पञ्चमीको बेला जनकपुरमा धनुष यज्ञ हुने गरेको छ । सातदिवसीय विवाह पञ्चमी महोत्सवको पहिलो दिन नगर दर्शन, दोस्रो दिन फुलवारी लीला, तेस्रो दिन धनुष यज्ञ, चौथोदिन तिलकोत्सव, पाँचौंदिन मटकोर, छठौं दिन शुभ विवाह र सातौंदिन रामकलेवा हुनेछ ।

रामजानकी विवाह पञ्चमी महोत्सवमा सहभागी हुन नेपाल र भारतका विभिन्न स्थानबाट भक्तजनहरुको आउने क्रम जनकपुरधाममा जारी रहेको छ ।

# 'बैदेशिक रोजगारलाई सुरक्षित बनाउ'

**टुडे समाचारदाता**

राजविराज। वैदेशिक रोजगारीले समाजमा पारेको सकारात्मक तथा नकारात्मक दुबै पाटोको चिरफार सहित सप्तरीमा विहीवार एक कार्यक्रम सम्पन्न भएको छ ।

मधेशी एकता समाजले"मधेशबाट श्रमआप्रवासन र सामाजिक, आर्थिक, राजनीतिक आयाम" विषयक आयोजना गरेको उक्त विचार मन्थन कार्यक्रममा विभिन्न सामाजिक अभियन्ताहरुले बैदेशिक रोजगारलाई सुरक्षित बनाउनुपर्ने विचार व्यक्त गरेका छन् ।

टोल र गाउँ नै खाली हुने गरी दैनिक सयौ नेपालीहरु विभिन्न देशमा रोजगारीका लागि जाने गरेकाले वैदेशिक रोजगारलाई सुरक्षित बनाउन उनीहरुले कार्यक्रम मार्फत विभिन्न सुझाव समेत दिएका छन् । कार्यक्रममा मधेशी एकता समाजका संस्थापक डा.रवीन्द्र कुमार यादव, सामाजिक अभियन्ता भोला पासवान, राकेश मिश्रा, डा.बवि सिंह यादव, पत्रकार एवं अध्येता जनकराज सापकोटा, चिन्तक सिकेलाल, राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीन लगायतले मधेश प्रदेशबाट वैदेशिक रोजगारमा जानेहरुको संख्या बढी रहेको भए पनि त्यसको सबै परिणाम सकारात्मक मात्र नरहेको वास्तविकता औल्याएका थिए ।

कार्यक्रममा पत्रकार एवं अध्येता जनकराज सापकोटाले वैदेशिक रोजगारका क्रममा सरदर दैनिक जसो १ जना मधेशका युवाको निधन हुने गरेको तथ्याँक प्रस्तुत गर्दै वैदेशिक रोजगारलाई सुरक्षित बनाउन स्थानीय, प्रदेश र संघीय गरी तीन वटै तहका सरकार गम्भीर हुनुपर्नेमा जोड दिए ।

सामाजिक अभियन्ता भोला पासवानले विगतका वर्षहरु भन्दा यता आएर मधेशका युवाहरुको वैदेशिक रोजगारका क्रममा मृत्यु हुने संख्या अझै बढ्दै जानु चिन्ताको विषय भएको भन्दै यस्तो घटना रोक्न सरोकारवाल निकायहरु सक्रिय बन्नु पर्नेमा जोड दिए । चिन्तक सिकेलालले वैदेशिक रोजगारबाट पक्की घर, सवारी साधन, जग्गाजमिन, पसल लगायतका साधन जोडिनुलाई सकारात्मक मानिए पनि यसबाट आउने पारिवारिक कलह, विग्रह, पैसाका लागि झै-झगडा, सम्बन्ध विच्छेद तथा मृत्यु समेत हुने गरेको कुरालाई बिर्सन नसकिने बताए ।

सीप र सूचना नलिइ वैदेशिक रोजगारीमा गएका कारण पनि धेरै नेपाली अलपत्र पर्ने र असुरक्षित हुने गरेको उनको भनाइ छ । आयोजक संस्थाका संस्थापक डा.यादवले वैदेशिक रोजगारीलाई सुरक्षित, सम्मानित र व्यवस्थित बनाउन सही सूचना र सीप आवश्यक रहेको बताए ।

कार्यक्रममा वैदेशिक रोजगारीमा जाँदा कागज पत्र, सीपको महत्व, इजाजत प्राप्त म्यान पावर कम्पनी तथा स्थानीय, प्रदेश र संघीय सरकारले खेल्नुपर्ने भूमिका लगायतका विषयमा ब्यापक छलफल भएको आयोजक संस्थाले जनाएको छ ।

# यस वर्ष धनुषामा धान उत्पादनमा कमी

**टुडे समाचारदाता**

जनकपुरधाम । गत वर्षको तुलानमा यस वर्ष धनुषामा धान उत्पादनमा ह्रास आएको छ । कृषि ज्ञान केन्द्र धनुषाका अनुसार यस वर्ष ४२ हजार हेक्टर जग्गामा संचित धान गरेकोमा १ लाख ३० हजार २ सय मेट्रिकटन मात्रै धान उत्पादन भएको छ ।

सो कार्यालयका अनुसार यस वर्ष प्रति हेक्टर २ दमशलव ८ मेट्रिकटनको दरले मात्रै धान उत्पादन भएको छ । गत वर्ष धनुषामा प्रति हेक्टर ३ दशमलव २ मेट्रिकटन धान उत्पादन भएको थियो । त्यसैगरि, धनुषामा ८ सय ५० हेक्टर जग्गामा चैते धान गरिएकोमा ३० हजार ६० मेट्रिकटन उत्पादन भएको छ । धनुषामा ७२ हजार हेक्टर खेती योग्य जग्गा रहेको छ । तर धान खेती ४२ हजार हेक्टरमा मात्रै हुदै आएको छ । बाँकी जग्गामा ऊखु, आँप, केरा लगायतका फलफूलको खेती हुँदै आएको कार्यालयले जनाएको छ ।



यस वर्ष समयमा पानी नपर्दा रोपाईमा ढिलाई हुन गएको तथा रोपाई भए पनि धानमा बाला लाग्ने समयमा समेत पर्याप्त पानी नहुँदा उत्पादनमा कमी आएको कृषि ज्ञान केन्द्र धनुषाका बागवानी विकास अधिकृत प्रदीप कुमार यादवले जानकारी दिए । मलखाद्यको अभाव र धानबालीको लागि पर्याप्त सिँचाईको व्यवस्था नहुँदा लगानी अनुसारको धान उत्पादन हुन नसकेको किसानहरुको भनाइ छ ।

# गल्ला व्यापारीलाई धान बेच्न किसान बाध्य




**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल सरकारको स्वामित्वमा रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रादेशिक कार्यालय जनकपुरधामले यस वर्ष धान खरीदको मूल्य कम तोकेकाले किसानहरु निजी क्षेत्रका व्यापारीलाई धान बेच्न बाध्य भएका छन् ।

यस वर्ष संघीय सरकारले सोना मनसुली धान प्रति क्वीन्टल ३ हजार ३ सय ६२ रुपैयाँ खरिद मूल्य तोके पनि निजी क्षेत्रका गल्ला व्यापारीहरुले सोही धान प्रति क्वीन्टल ३ हजार ६ सय रुपैयाँमा खरीद गर्न थालेपछि स्थानीय किसानहरु सो कार्यालयलाई धान नबेची गल्ला व्यापारीहरुसँग धान बेच्न थालेका छन् । यसरी किसानहरुले व्यापारीहरुलाई महँगो मूल्यमा धान बेच्न थालेपछि चालु आर्थिक वर्षमा पनि कम्पनीको धान खरिदको लक्ष्य पूरा नहुने अवस्था देखिएको निमित्त प्रादेशिक प्रमुख गंगा प्रसाद साहले बताए ।

चालु आर्थिक वर्षमा सोना मनसुली धान ३० हजार क्वीन्टल तथा बासमती धान ११ हजार क्वीन्टल खरिद गर्ने लक्ष्य लिएकोमा सोमवार सम्म ४१ क्वीन्टल मात्र धान खरिद गरिएको सो कार्यालयले जनाएको छ । अघिल्लो वर्ष सो कार्यालयले ३४ लाख १ सय २० रुपैयाँ मूल्य बराबरको १ हजार ९३.५ क्वीन्टल मात्र धान खरिद गरेको थियो । १५ हजार क्वीन्टल धान खरिद गर्ने लक्ष्य राखेकोमा झन्झटिलो प्रक्रियाको कारण अघिल्लो वर्ष लक्ष्य प्राप्ति हुन सकेको थिएन ।

वडा कार्यालयको सिफारिसमा कार्यालयले एउटा किसानसँग एकसय क्वीन्टल तथा अधियामा खेती गर्ने किसानसँग प्रति किसान २५ क्वीन्टल धान खरिद गर्ने नीति लिए पनि झन्झटिलो प्रक्रिया तथा गल्ला व्यापारीलाई धान बेच्दा बढी रकम दिने गरेकोले किसानहरु निजी क्षेत्रलाई धान बेच्न बाध्य भएका छन् ।

संघीय सरकारले किसानसँग धान खरिदको समर्थन मूल्य न्यून तोकेको छ, जुन निजी क्षेत्रका व्यापारीसँग प्रतिस्पर्धा गर्न नसक्ने भएकोले चालु आर्थिक वर्षमा समेत लक्ष्य प्राप्ति हुन नसक्ने कार्यालयका सूचना अधिकारी रामपुकार मण्डलको भनाइ छ ।

त्यसैगरि वीरगञ्ज शाखाले यसवर्ष सोनामनसुली ३५ हजार क्वीन्टल र कतर्नी १० हजार क्वीन्टल धान खरिद गर्ने भएको छ भने लहान शाखाले सोनामनसुली धान १८ हजार क्वीन्टल र कतर्नी धान १२ हजार क्वीन्टल खरिद गर्ने लक्ष्य लिएको सो कार्यालयले जनाएको छ ।

खाद्य व्यवस्था तथा व्यापारी कम्पनी लि. जनकपुरधामले यसवर्ष मंसिर २० गतेदेखि धान खरिद गर्न थालेको छ ।

# 'निमित्त प्रमुख राखिए दुर्घटना हुने'

**राकेश यादव**

गौरा । जनमत पार्टी नेतृत्वको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको कार्यको कारण रौतहट जिल्लाको यमुनामाई गाउँपालिकामा दुई पक्ष बीचको तनाव बढ्दै गएको छ ।

सुशासन, पारदर्शिता कायम गर्नुको साटो संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री अनिता देवी साहले प्रमुख प्रशासकीय अधिकृत महिने पिच्छे फेरिने गरेको विवादास्पद कार्यको कारण स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि बीच आपसी मतभेद सृजना भई कामकाज समेत प्रभावित बन्दै गएको छ ।

मङ्सिर १३ गते निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी रामश्रेष्ठ राय यादवलाई दिएको मन्त्रालयले १० दिन भित्रै शाखा अधिकृत ओम प्रकाश यादवलाई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिए पछि दुई धारमा जनप्रतिनिधि विभाजित हुँदा विवादको स्थिति सृजना भएको छ ।

१३ जना कार्यपालिका सदस्य रहेका गाउँपालिकामा निमित्तको पक्षमा रहेका अध्यक्ष, उपाध्यक्ष, वड़ा अध्यक्ष ३ जना गरी ७ जना रहेको दावी गाउँपालिकाका अध्यक्ष मोहमद सऊदको रहेको छ ।

प्रमुख प्रशासकीय अधिकृत ओम प्रकाश यादवलाई राख्नुपर्ने अड़ान लिएका वड़ा अध्यक्ष अश्विनी राय यादवले आफ्नो पक्षमा ८ जना रहेको समेत दावी गर्ने गरेका छन ।

विहीवार आफ्नै कार्य कक्ष वड़ा नम्बर ४ को वड़ा कार्यालयमा ७ जना कार्यपालिका सदस्यहरुको रोहवरमा पत्रकार सम्मलेन गरेका वड़ा अध्यक्ष अश्विनीले निमित्तलाई मन्त्रालयले जिम्मेवारी खोसिसकेको अवस्थामा दरवन्दी अनुसारको शाखा अधिकृतलाई हाजिर नगराए ठूलो दुर्घटना हुने चेतावनी दिए ।

अध्यक्ष सऊदले गैर क़ानुनी रुपमा आर्थिक लाभ लिने उद्देश्यले निमित्त ल्याएको आरोप लगाउदै वड़ा अध्यक्ष यादवले प्रमुख प्रशासकीय अधिकृतको रुपमा मन्त्रालयले पठाएका ओम प्रकाश यादवलाई हाजिर गराउनु पर्ने भन्दै गराउन नसके हुने दुर्घटनाको जिम्मेवारी गाउँपालिका अध्यक्ष सऊदले लिनुपर्ने बताए ।

प्रमुख प्रशासकीय अधिकृतको विषयमा बुधवार बाराको सिम्रौनगढ़ नगरपालिकामा भएको विवादमा प्रहरीको गोली लागेर एकजनाको मृत्यु भएकोले त्यस्तो अवस्था यमुनामाई गाउँपालिकामा हुनसक्ने भनाइ यादवको रहेको छ ।

वड़ा अध्यक्ष यादवले प्रमुख प्रशासकीय अधिकृत जो आए पनि आफ्नो कुनै आपत्ति नरहेको भन्दै निमित्तबाट गाउँपालिका सञ्चालन गर्न खोजेमा स्वीकार्य नहुने चेतावनी दिए । शान्तिपूर्वक शाखा अधिकृतलाई हाजिर गराई गाउँपालिकाको विकास निर्माणको कार्य अगाडि बढाउन आग्रह गरे ।

वड़ा अध्यक्ष शिबेन्द्र कुमार साह भने अजय साहले गाउँपालिका अध्यक्ष सऊद पहिला देखि बाँकी रहेको होटल, नाच, ईन्धनको लाखौ रकम भुक्तानी गराउनको लागि निमित ल्याएको आरोप लगाए । गाउँपालिकालाई आर्थिक भारमा पारी आफू अनुचित लाभ लिने सोच पूरा हुन नदिने उनले दाबी गरे ।

किसानहरुलाई गरिएको गेहुको विउ वितरणमा कार्यपालिका सदस्यहरुलाई कुनै जानकारी नदिएको उनले बताए । गाउँपालिका अध्यक्षले नियमित बैठक गरेर कहिले पनि राय सल्लाह सुझाव नलिएको भनाइ उनको रहेको छ ।

गाउँपालिका अध्यक्ष मोहमद सऊद भने इर्शादले मन्त्रालयले नै विबाद सृजना गराएको बताए । पटक पटक प्रमुख प्रशासकीय अधिकृत फेर बदल गरेर मन्त्रीले स्थानीय तहमा द्वन्द्व गराउने कार्य गरेको आरोप लगाउँदै प्रमुख प्रशासकीय अधिकृतको विषय लिएर झड़प भए हुने मानवीय तथा भौतिक क्षतिको जिम्मेवारी मन्त्री अनिता साहले लिनुपर्ने चेतावनी दिए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८